मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

बचतकर्ताको रकम फिर्ता गराएर सहकारीलाई लयमा फर्काउनेछौं: मन्त्री



सम्वाद पृष्ठ ७ मा

वर्ष ३ | अंक १३ | २०८१ साल मंसिर ७ गते शुक्रबार | Friday 22, November 2024 | सूर्योदय: बिहान ६:३० बजे | सूर्यास्त: साँझ ५:१३ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# भ्रष्टाचारविरुद्ध आजपाको मधेश यात्रा सफलः साह




**मधेशदृष्टि**
**वीरगंज ।**
आमजनता पार्टी (आजपा) का अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले 'भ्रष्टाचारविरुद्ध मधेश यात्रा' पूर्णरुपमा सफल भएको बताउँदै छिट्टै अन्य प्रदेशमा समेत अभियान सञ्चालन गरिने उद्घोष गरेका छन् । आजपा मधेश प्रदेश कमिटीद्वारा आयोजित 'भ्रष्टाचारविरुद्ध मधेश यात्रा' अभियानको समापन गर्दै उनले भ्रष्टाचारविरुद्ध लड्न मधेश तयार रहेको बताए । पूर्णरुपमा सफल भएको भ्रष्टाचारविरुद्धको अभियान छिट्टै अन्य प्रदेशमा समेत हुने उनले बताए ।

आजपा अध्यक्ष साहको प्रमुख आतिथ्यतामा भएको अभियान भव्यरुपमा सम्पन्न भएको पार्टीको निष्कर्ष छ । अभियानमा बढ्दै गएको जनसहभागिताबाट उत्साही आजपाले भ्रष्टाचारीलाई जनकारबाही गर्नुपर्ने जनाएको छ । भ्रष्टाचारी, लुटेराहरुले मुलुकको ढुकुटी सिध्याएको, नेपाली जनतामाथि ऋण थोपरेको, मनोमानी कर बढाएकाले जनतामा जनचेतना जगाउन यस्तो अभियान आवश्यक रहेको आजपाको बुझाइ छ । मुलुकमा बढ्दै गइरहेको भ्रष्टाचार, अनियमितता, कुशासनका साथै सरकारको अनावश्यक कर एवम् महंगीविरुद्ध आजपाले यात्राक्रममा आवाज उठाएको छ । आजपाले भ्रष्टाचार, अनियमितता, कुशासन, मनपरी कर, महंगी, बेरोजगारी, बैदेशिक रोजगारमा ठगी, भन्सारको मनोमानी करलगायतका विषयमा आवाज उठाउँदै स्थानीय, सर्वसाधारण एवम् सरोकारवालासँग छलफलसमेत यात्राक्रममा गरेको छ ।

आजपा प्रवक्ता एवम् उपमहासचिव चन्द्रभुषण साहका अनुसार भ्रष्टाचारविरुद्धको मधेश यात्रा कार्यक्रम सप्तरीबाट शुरु भएर पर्सा पुगेर समापन भएको हो ।

सप्तरीको राजविराजबाट शुरु भएको यात्रा पर्साको निचुटा पुगेर आमसभा गर्दै सम्पन्न भएको छ । पाँच दिनसम्म चलेको भ्रष्टाचारविरुद्धको मधेश यात्रा कार्यक्रम मंसिर १ गते शुरु भई मंसिर ५ गते सम्पन्न भएको हो । भ्रष्टाचारविरुद्ध मधेशमा अभियान र सोही दिन काठमाडौमा तीनै तहको सरकारको मनोमानी करविरुद्ध विरोध प्रदर्शन आजपाले गरेको थियो । मधेश र काठमाडौमा एकै दिन छुट्टाछुट्टै दुई कार्यक्रम गरेको आजपाले छिट्टै अन्य प्रदेशमा समेत विशेष अभियान सञ्चालन गर्ने तयारीमा रहेको छ ।

'मंसिर १ गते सप्तरीबाट शुभारम्भ भएको हाम्रो मधेश यात्राको पहिलो दिन राज्यपक्षबाट भएको अप्रत्याशित एवम् अस्वभाविक अवरोधका बाबजुद पनि आम न्यायप्रेमी जनसमुदायको न्यानो माया, प्रेम र आर्शिवादसहितको स्वागत–सम्मान र अभूतपूर्व ऐक्यबद्धताले भ्रष्टाचारबिरोधी हाम्रो संघर्षमा थप रक्तसञ्चार सृजना गरेको छ,' प्रवक्ता साहले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

अभियानक्रममा आमसभा, अन्तरक्रिया, बैठक, भेलाका साथै विभिन्न कार्यक्रम सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा भएको छ । यसक्रममा दर्जभन्दा बढी ठाउँमा आमसभा, भेलाका साथै सैयौँ व्यक्ति आजपामा प्रवेश गरेका छन् । विभिन्न पार्टी परित्याग गरी नेताकार्यकर्ता आजपामा प्रवेश गरेको पार्टीले जनाएको छ ।

अभियानलाई सफल एवम् सार्थक बनाउन नेतृत्वगणको निकासमुखी दिशानिर्देश, आइटी आर्मीको अथक सुरक्षा एवम् समन्वयकारी भूमिका, कलाकारको कारुणिक एवम् मर्मस्पर्शी प्रस्तुति, पत्रकार साथीद्वारा समयमै सही सूचना सम्प्रेषण तथा व्यवस्थापन टोलीको कुशल व्यवस्थापनले अभियानमा थप रौनक एवम् चारचाँदलगायतको ठहरसहित सम्पूर्ण सहयोगी एवम् शुभेच्छुकमा एकमुष्ट हार्दिक आभार व्यक्त गरेको छ ।

# विवाहपञ्चमी महोत्सव भव्य र व्यवस्थित बनाइने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा आयोजना हुने रामजानकी विवाह महोत्सवलाई थप व्यवस्थित, प्रभावकारी र आकर्षक तथा मेला भर्न आउनेका लागि सुविधाजनक बनाउन मधेश प्रदेश सरकारले सरोकारवालासँग छलफल गरेको छ ।

मङ्सिर २१ गते मार्ग शुक्ल पञ्चमी तिथिमा हुने स्वयम्वर र वैवाहिक कार्यक्रम एवम् त्यसअघिका विवाहपूर्वका विधिविद्यानमा सहभागी हुन लाखौँको संख्यामा जनकपुरधाम आउने श्रद्धालु भक्तजन र साधुसन्तका लागि बास, शौचालय, खानेपानी, सुरक्षा तथा अन्य सेवा व्यवस्थापनका विषयमा सरोकारवालासँग छलफल गरिएको मुख्यमन्त्री सतिश कुमार सिंहले बताए ।

जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मुख्यमन्त्री सिंहको अध्यक्षतामा बिहीबार बसेको बैठकमा विवाहपञ्चमी महोत्सवलाई भव्य एवम् व्यवस्थित बनाउन तीनै तहको सरकारले गर्नुपर्ने कार्यबारे निर्णायक छलफल भएको हो । बिहीबारको बैठकमा तीनै तहका सरकारले दोहोरो नहुने गरी मितव्ययी ढङ्गले महोत्सवका व्यवस्थापकीय सहकार्य गर्ने विषयमा छलफल भएको प्रदेश सरकारका प्रमुख सचिव लोकनाथ पौड्यालले जानकारी दिए ।



बैठकमा विभिन्न पाँच ठाउँबाट डिस्प्लेका माध्यमबाट महोत्सवबारे जानकारी, महोत्सवका दृश्य विनिमय तथा अवलोकन गराउने, ठाउँठाउँमा प्राथमिक उपचारसहितको स्वास्थ्य शिविर राख्ने, बिरामी तथा चोटपटकका शिकार हुनेको उद्धार तथा उपचारका लागि एम्बुलेन्स तथा निजी तथा सरकारी अस्पतालमा निःशुल्क उपचारका लागि बेड व्यवस्था तथा ट्रमा सेन्टर सञ्चालन गर्ने, औषधिमूलोसहित रेपिड रेस्पोन्स टिम परिचालन गर्ने, विभिन्न स्थानमा खाने तथा अन्य प्रयोजनका लागि पानीको आपूर्ति मिलाउने, अघिल्ला वर्षभन्दा बढी संख्यामा सफाइकर्मीसहित शौचालय व्यवस्थापन गर्ने, सडकबत्तीको व्यवस्थापन गर्ने र सिसिटिभी तथा ड्रोनबाट संवेदनशील ठाउँका गतिविधि निगरानी गर्ने निर्णय भएका छन् ।

बैठकमा सहभागी एक अधिकारीका अनुसार वैवाहिक कार्यक्रमका लागि उपयोग हुने जानकी मन्दिर परिसर, बाह्रबिघा र मणिमण्डप क्षेत्र तथा त्यहाँसम्मका बाटामा भिड व्यवस्थापन, पसल सञ्चालन र सरसफाइ लगायत कार्यमा बढी जोड दिइनेछ । महोत्सवका लागि सुरक्षा निकायले संयुक्त कार्ययोजनाका आधारमा सैयौँको संख्यामा सादा पोशाकसहितका सुरक्षाकर्मी परिचालन गर्नेछन् । वैवाहिक कार्यक्रममा अयोध्याबाट आउने पाँच सयभन्दा बढी जन्तीको आवास तथा भोजनका लागि विशेष व्यवस्था गरिनेछ । त्रेतायुगमा भएको रामजानकी विवाहलाई जीवन्त राख्न जनकपुरधाममा प्रत्येक वर्ष विवाहपञ्चमी पर्व मनाउने गरिन्छ ।

# सुन्दरपुर गढीमाई मेलामा खेसारीलाल आउने

**सञ्जय मिश्रा**
**रौतहट ।**
बारास्थित विश्वप्रसिद्ध गढीमाई मेलाकै तिथिमा रौतहटमा पनि बृहतरुपमा सुन्दरपुर गढीमाई मेला हुनलागेको छ । मेलामा भोजपुरी फिल्मका सुपरस्टार खेसारीलाल यादवसहित दिग्गज कलाकार आउने भएका छन् ।

गढीमाई नगरपालिका–४ सुन्दरपुरस्थित गढीमाई मन्दिरमा विगतमा झैँ यसपटक पञ्चवर्षीय मेला हुनलागेको हो । मेला मूल व्यवस्थापन समितिका अध्यक्ष एवम् गढीमाई नगरपालिकाका मेयर श्याम प्रसाद यादवले नगरपालिकाको सभाकक्षमा पत्रकार सम्मेलन गरेर मेलाबारे जानकारी दिए । सुन्दरपुर गढीमाई मन्दिरमा मेला मङ्सिर १७ गतेदेखि मङसिर २६ गतेसम्म हुँदैछ । स्थानीयको अनुरोधमा मेलालाई बृहत तथा सभ्य र भव्य बनाउन मङसिर २० गते भारतीय भोजपुरी सुपरस्टार कलाकार खेसारीलाल यादवलाई बोलाइएको मेयर यादवले बताए । सुपरस्टार खेसारीलालसँगै भारतीय भोजपुरी मोडेल माहिँ र मनिषाको पनि सांगीतिक प्रस्तुती हुने जनाइएको छ । मेलामा ठूलो संख्यामा दर्शनार्थी आउने र त्यसमा पनि भारत तथा नेपालका ख्यातिप्राप्त सुप्रसिद्ध कलाकार आउने भएका कारण मेलाको सुरक्षा व्यवस्था निकै कडा बनाइने भएको छ । भारतीय कलाकारका साथै नेपालका हिन्दी गीत संगीत प्रस्तुत गर्ने कलाकार, टिकटक स्टारहरुसँगै स्थानीय भाषामा प्रस्तुत हुने अलहा रुदलको नाच प्रदर्शन हुने सुन्दरपर गढीमाई मेला समितिका प्रवक्ता वडाअध्यक्ष दीपेन्द्र श्रेष्ठले बताए ।

सुन्दरपुर गढीमाई मन्दिरमा मूल तान्त्रिकले आफ्नो शरीरबाट रगत चढाएपछि पशु बली शुरु हुन्छ । मन्दिरमा राँगा, बोका, परेवाको बली दिइने गरिन्छ । मन्दिरमा पनि बली शुरुअघि मुसा, परेवा, बोका, राँगा र खरायो गरी पञ्चबलीका रूपमा देवीलाई अर्पित गर्ने परम्परा छ । पञ्चवर्षीय सुन्दरपुर गढीमाई मेलाको तयारी तिव्र रुपमा अगाडि बढाइएको छ । मेलाका लागि ६० वटा घुम्ती र करिब पाँच सय अस्थायी शौचालय निर्माण गरिने समितिले जनाएको छ । सैयौँ स्वयम्सेवकसँगै नेपाल प्रहरी र सशस्त्र प्रहरी मेला तथा आउने भक्तजनको सुरक्षाका लागि परिचालन गरिने प्रवक्ता श्रेष्ठले जानकारी दिए ।

६५ वर्षअघि स्थानीय धामीझाँक्री जागा ठाकुरले सपनामा गढीमाईको दर्शन गरेपछि माताकै आदेशमा सुन्दरपुरमा सानो मन्दिर निर्माण गरी पूजापाठ शुरु गरेका थिए । बारा गढीमाईसरह प्रत्येक पाँच वर्षमा त्यहाँ मेला हुँदै आएको छ । स्थानीय निकायको निर्वाचनपछि गढीमाई नगरपालिकाको मेयर पदमा पहिलोपटक श्याम प्रसाद यादव निर्वाचित भएपछि सुन्दरपुर गढीमाईको मन्दिर निर्माणदेखि वृहतरुपमा मेला हुँदै आएको छ । मेयर पदमा यादव दोस्रोपटक निर्वाचित भएका हुन् ।

सुन्दरपुर मन्दिरका मूलपूजारी ठाकुरको निधनपछि उनका छोरा रामदेव ठाकुर मुलपूजारी छन् । सुन्दरपुर गढीमाई मेलामा अघिल्लोपटक साढे ७ हजार राँगाको बली चढेको प्रवक्ता श्रेष्ठले जानकारी दिए । मेलामा छिमेकी जिल्ला सर्लाही, महोत्तरी, बारालगायत सीमावर्ती भारतबाट लाखौँ दर्शनार्थी आउने गरेको आयोजकले जनाएको छ । दर्शन गर्न आउने बाहिरका भक्तजन तथा आगन्तुकलाई मेला समितिका तर्फबाट निःशुल्क खाना र बस्ने व्यवस्था मिलाइएको सुन्दरपुर गढीमाई मेला समिति रौतहटले जनाएको छ ।

# मधेशमा कांग्रेस बलियो पार्न शर्माको अनुरोध

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले नेपाली कांग्रेसका कारण देशमा राणाशासन र राजतन्त्र अन्त्य भएको बताएका छन् । नेपाली कांग्रेस ठूलो इतिहास बोकेको पार्टी भएको बताउँदै महामन्त्री शर्माले कांग्रेसलाई कसैले दबाउन खोजे आफैँ समाप्त हुने बताए । उपनिर्वाचन प्रचारप्रसारक्रममा मधेश झरेका कांग्रेस महामन्त्री शर्माले बिहीबार रौतहटको ईशनाथ नगरपालिका–७ मा आयोजित पार्टीको चुनावी घरदैलो कार्यक्रममा देशमा नेपाली कांग्रेस नभएको भए राणाशासन र राजसंस्था अन्त्य नहुने बताए । कांग्रेसले गरेको आन्दोलनका कारण तानाशाह राणाको अन्त्य भएको र राजतन्त्र ढलेर प्रजातन्त्र स्थापना भएको उनले बताए ।

कांग्रेससँग मधेशको विशेष सम्बन्धन रहेको चर्चा गर्दै महामन्त्री शर्माले मधेशको विकास र समृद्धिका लागि कांग्रेसलाई जिताएर अझै मजबुत एवम् शक्तिशाली बनाउनुपर्ने धारणा राखे । मधेश र पहाडमा उस्ताउस्तै समस्या रहेको बताउँदै ती समस्याको निकासका लागि कांग्रेसलाई बलियो बनाउनुपर्ने उनको धारणा छ ।

कार्यक्रममा कांग्रेस नेता एवम् प्रतिनिधिसभा सदस्य देवप्रसाद तिमल्सिना, कांग्रेसका मधेश प्रदेश सभापति कृष्णा प्रसाद यादव, मधेश प्रदेशका अर्थ मन्त्री सुनिल भनिने जितेन्द्र प्रसाद यादव, माधव नारायण नगरप्रमुख बैजनाथ प्रसाद यादवलगायतका नेता कार्यकर्ताको सहभागिता रहेको कांग्रेसका मधेश प्रदेश प्रचार प्रसार विभाग प्रमुख नितेश कुमार गुप्ताले जानकारी दिए ।

# १३ लाख रामरक्षा र मारुति स्तोत्र हुने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
भारत, अयोध्याको श्री रामलला मन्दिर परिसरमा २२ नोभेम्बर साँझ गीता, रामायण वाचन हुने भएको छ ।

त्यसका लागि तेह्र लाख श्रीरक्षा र मारुती स्तोत्र जप हुने छ । ग्रन्थ परायण दिंडी, पुणेका वीरेन्द्र कुन्टे (गुरु जी)ले यस उद्देश्यका लागि महाराष्ट्रका विभिन्न क्षेत्रबाट धेरै दर्शनार्थीको अयोध्या आइपुगेको बताए ।

## शिवलिंग तोडफोड

यता, महोत्तरीको पिपरा गाउँमा रहेको शिव मन्दिरमा स्थापित शिवलिङ्ग अज्ञात समूहले तोड्फोड गरेका छन् । बेलुका पूजा गर्न आएका स्थानीयले शिवलिङ्ग तोडफोड भएको पाएका हुन् ।

शिवलिंग तोडफोडको विरोधमा स्थानीयले जनकपुर भिठ्ठा मोड सडक अवरुद्ध गरी दोषीलाई पक्राउ गर्न टायर बालेर प्रदर्शन गरेका थिए ।

जनकपुर भिठ्ठा मोड सडक चौडा भएपछि पुरानो मन्दिरसम्म अर्को ठाउँमा मन्दिरमा शिवलिङ्ग स्थापना गरिएको थियो । तोडफोड गर्नेलाई पक्राउ गर्न प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

मध्य तराईको पहिलो रेडियो, रेडियो वीरगंज ९९ मेगाहर्जको
२२ औं वार्षिकोत्सवको उपलक्ष्यमा
रक्तदान कार्यक्रम
RADIO BIRGUNJ BLOOD DONOR DAY
Every Drop of Blood Counts
22 Years ANNIVERSARY
EVERY DONOR IS HERO
"Give BLOOD Save LIFE Be the Reason for A SMILE on Someon'es FACE"
Blood Donation Program
Date :- 2081 Manshir 15, Saturday
Venue :- Radio Birgunj
सफलताको हाम्रो पाइला अब २३ औं वर्षमा प्रवेश
www.radiobirgunj.com www.facebook.com/radiobirgunj99MHz

# फोनसँ टका मांगैबला डाक्टर नियन्त्रणमे

काठमाण्डू । ह्वाट्सएपमार्फत हम आपराधिक गिरोहके अन्डरकभर एजेन्ट भेल कहैत फोन क टका मांगल अभियोगमे प्रहरी एक डाक्टरकेँ नियन्त्रणमे ल सार्वजनिक केलक अइछ । पकड़ाएल व्यक्ति भोजपुर नगरपालिका–११ घर भ हाल ललितपुरक महालक्ष्मी नगरपालिक सानोगाउँ निवासी ३२ वर्षीय डा आशिष दाहाल भेल काठमाण्डू उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुक सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजी कुमार आचार्य जानकारी देलैन । ओ कहलैन, 'नियन्त्रणमे रहल दाहाल काठमाण्डू उपत्यकाभितर विभिन्न व्यक्तिसभकेँ ह्वाट्सएपमार्फत हम अन्डरवर्ल्ड नेटवर्कके अन्डर कभर एजेन्ट छियै, विहारलगायत अन्य ठामँसँ 'कन्ट्र्याक्ट किलर' भाड़ामे आइन हत्या कराऔल जाएत से म्यासेज क रु ५० हजारसँ रु दु लाखधैर टका मांगल गेल सूचना आधारमे काठमाण्डू स्थित शङ्खमुलसँ हुनका नियन्त्रणमे लेलक अइछ ।' पकड़ाएल दाहालकेँ आवश्यक अनुसन्धान तथा कारवाहीक लेल जिला प्रहरी परिसर भद्रकाली पठाएल गेल सूचना अधिकारी आचार्य बतौलैन ।

# राष्ट्रपतिद्वारा ढुङ्गानाप्रति श्रद्धाञ्जली

## परिवारप्रति समवेदना

काठमाण्डू । राष्ट्रपति रामचन्द्र पौडेल पूर्वसभामुख एवं संविधानविद् दमननाथ ढुङ्गानाप्रति श्रद्धाञ्जली अर्पण करैत हुनक शोकाकुल परिवारजनमे हार्दिक समवेदना व्यक्त केलैन अइछ । राष्ट्रपति पौडेल आ प्रथम महिला सविता पौडेल स्वर्गीय ढुङ्गानाक निवास पहुँच हुनकाप्रति श्रद्धाञ्जली व्यक्त करैत शोकाकुल परिवारमे संवेदना प्रकट केलैन । पूर्वसभामुख ढुङ्गानाके इलाजक क्रममे ८३ वर्षक उमेरमे वितल रैवदिन निधन भेल छल ।

# नेपाल–भारत सैन्य सहकार्य वार्ता आइ

काठमाण्डू । लम्बा समयसँ सहकार्य करैत आएल नेपाल आ भारतक सैनिकबीच पारस्परिक साझेदारी तथा हितमे केन्द्रित भ आइ द्विदेशीय औपचारिक वार्ता भ रहल अइछ । पाँचदिनक औपचारिक भ्रमणके क्रममे बुधदिन दुपहर अहिठामँ आएल भारतीय सेनाध्यक्ष उपेन्द्र द्विवेदी आ प्रधानसेनापति अशोकराज सिग्देलबीच जङ्गी अड्डामे द्विपक्षीय वार्ता होबाक बात सैनिक प्रवक्ता सहायकरथी गौरवकुमार केसी रासककेँ बतौलैन । राष्ट्रपति रामचन्द्र पौडेलद्वारा आइ हुनका नेपाली सेनाक मानार्थ महारथीक दर्जासँ सुशोभित करबाक कार्यक्रम अइछ । १६ अखारमे सेनाध्यक्ष नियुक्त भेल द्विवेदीक ई पहिल औपचारिक नेपाल भ्रमण छी । काइल शुक्रदिन प्रधानमन्त्री केपी ओली आ रक्षामन्त्री मानवीर राईसँ हुनकर अलगे शिष्टाचार भेंट करबाक कार्यक्रम अइछ । सन् १९५० सँ नेपाल आ भारतबीच एक–दोसर देशक सेना प्रमुखकेँ मानार्थ महारथीक दर्ज्जासे चिह्न प्रदान करबाक परम्परा अइछ । खुला सीमा, समान धार्मिक, सांस्कृति एवं भूगोल शताब्दीसँ दु देशबीच सम्बन्धकेँ आओर सुमधुर बनौने अइछ ।

# चितवनमे धान उत्पादन घटल

चितवन । बितल सालक तुलनामे ई साल चितवनमे धान उत्पादनमे कमी आएल अइछ । कृषि विकास कार्यालयक अनुसार एहि साल वर्ष धान एक लाख १२ हजार ९२ दशमलव ४८ मेट्रिकटन उत्पादन भेल अइछ । बितल साल एक लाख १४ हजार २६९ दशमलव चार मेट्रिक टन धान उत्पादन भेल छल। एहि वर्ष २७ हजार २७० हेक्टरमे धानखेती भेल छल । उक्त कार्यालय क्रप'क्रपकटिङ' माध्यमसँ संकलित तथ्याङ्कअनुसार एहि वर्ष उत्पादकत्वमे सेहो कमी आएल अइछ । प्रतिहेक्टर ४ दशमलव १२ मेट्रिक टन उत्पादन भेल । पूर्वी चितवनके किछु स्थानमे सावा मन्सुली, सावित्री धानमे डट्टी पेनिकल, कालो पोके, राइस लिफ फोल्डर, गबारो आ पतेरा प्यानीकल ब्लाईट रोगके कारण उत्पादन घटल उक्त कार्यालय जनौलक अइछ । जिलामे चैत ५, सावित्री, वार, बहुगुणी २, हर्दिनाथ १, हर्दिनाथ ६, पिआरे, सावा मन्सुली, मोती, गोरखनाथ, जिरामसिनो, राम धानखेती भ रहल अइछ ।

# नेपाल–क्यानडा संसदीय आदानप्रदानमे जोड

काठमाण्डू । क्यानडाक लेल नेपालक राजदूत भरतराज पौड्याल ओहिठामँक निचला सदनके सभामुख ग्रेग फेरगुससङ ओटावास्थित हुनक कार्यकक्षमे शिष्टाचार भेंट केलैन अइछ । बुधदिन दुपहर भेल भेटमे नेपाल–क्यानडा सम्बन्धक सङे आपसी हितक विषयमे बातचित भेल ओटावास्थित नेपाली राजदूतावास जनौलक अइछ । दु देशबीच आर्थिक साझेदारी विस्तार तथा नेपाल आ क्यानडाक संसद्बीच सहकार्यके सङे संसदीय आदानप्रदानमे राजदूत पौड्याल जोड़ देलैथ ।

# बाइढ़के क्षति विवरण सङ्कलन करैत कृषि मन्त्रालय

काठमाण्डू । कृषि तथा पशुपक्षी विकास मन्त्रालय कृषि क्षेत्रमे बाइढ़भुस्खलनसँ भेल क्षतिके तथ्याङ्क सङ्कलन शुरु केलक अइछ । आसिनके बाइढ़भुस्खलनसँ देशभैर भेल क्षतिक विवरण सङ्कलन प्रदेशस्थित कृषि कार्यालयमार्फत शुरु भेल उक्त मन्त्रालयक सूचना अधिकारी महानन्द जोशी बतौलैन । वास्तविक किसानक नोक्सानीक विवरण सङ्कलन भेलाक हुनकासभकेँ विभिन्न दातृ निकाय तथा विकाश साझेदारसङ समन्वय क सहयोग करबाक सरकारक योजना अइछ । सूचना अधिकारी जोशीक अनुसार सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपुर, बागलुङ, खोटाङ, झापा, कैलाली, लमजुङ, पावैनत, कास्की, स्याङ्जा, सिन्धुली, मकवानपुर आ काभ्रेपलाञ्चक जिलामे क्षति भेल अइछ । बाइढ़सँ छ अरब टकाक क्षति भेल मन्त्रालयक अनुमान अइछ ।

# पर्सामे सरकारी कार्यालयके पुँजीगत खर्च छ प्रतिशतमे सीमित

वीरगंज । सङ्घीय सरकार मातहतके पर्साक सरकारी कार्यालय चालु आर्थिक वर्षके चाइर महिनामे छ दशमलव ०८ प्रतिशत पुँजीगत खर्च केलक अइछ । कोष तथा लेखा नियन्त्रण कार्यालयक अनुसार पर्सास्थित ६६ सरकारी कार्यालय तथा पालिकाक लेल पुँजीगततर्फ वार्षिक दु अरब ५८ करोड़ २७ लाख ८६ हजार सात सओ ५० टका विनियोजन भेल छल । जाहिमे चालु आ.व.के कातिक मसान्तधैरमे १५ करोड़ ६९ लाख ३३ हजार पाँच सओ २८ टका खर्च भेल अइछ । कोष तथा लेखा नियन्त्रण कार्यालयक प्रमुख यज्ञराज उप्रेती सङ्घीय सरकार मातहतके सरकारी कार्यालय चालु आ.व.के चाइर महिनामे पुँजीगत खर्च नगन्य मात्रामे कएल बतौलैन । 'चालु आ.व.क कातिक मसान्तधैरके अवधिमे नवका बोलपत्र 'डकुमेन्ट' बनबासँ बोलपत्र आह्वानधैरके काज भेलीपर पुँजीगत खर्च नै बढ़ल अइछ,' ओ कहलैन, 'आब परपावैन आ वर्षायाम सेहो भ गेलासँ सरकारी कार्यालयक पुँजीगत खर्च बढ़बाक अपेक्षा अइछ ।' पर्साक सरकारी कार्यालयक वार्षिक चालु खर्चदिस दश अरब ४६ करोड़ १४ लाख ७५ हजार चार सओ ९९ टका विनियोजन कएल गेल अइछ । चालु आ.व.के चाइर महिनामे कूल विनियोजित रकमके २८ दशमलव २५ प्रतिशतअर्थात् दु अरब ९५ करोड़ ५५ लाख ८० हजार दु सओ ३८ टका खर्च भेल अइछ । पर्साक सरकारी कार्यालय वएह अवधिमे रु ६५ अरब ७३ करोड़ २९ लाख २५ हजार एक सओ १६ राजस्व सङ्कलन केलक अइछ ।

# चेतनाअभावमा बालविवाह र पढाइ छाड्ने क्रम



मधेशदृष्टि
जनकपुरधाम । धनुषाको नगराइन नगरपालिकास्थित फुलगामा बजारमा युथ डिस्कोर्स सेरिज अन्तर्गत प्यानल डिस्कसन भएको छ । सेफ नेपाल जनकपुरधामको आयोजना तथा नगराइन युवा सञ्जालको सहकार्यमा बाल विवाहको प्रभाव र छोरी शिक्षामा ड्रप आउट विषयमा प्यानल डिस्कसन कार्यक्रम गरिएको हो । नगराईन नगरपालिका वडा नम्बर ४ फुलगामा बजारमा भएको कार्यक्रममा वक्ताहरुले शिक्षा र सचेत नागरिक अभावले छोरीहरुले बीचमै पढाई छाड्ने गरेको र विभिन्न सामाजिक मूल्यमान्यताका कारण पढाउनु भन्दा विवाह गरेर अभिभावक जिम्मेवारीबाट पञ्छिने गरेको बताए । उनीहरुले यस्ता मूल्य मान्यताको अन्त्य गरी छोरीलाई समेत पढाएर सबल तथा सक्षम बनाई उमेर पुगेपछि मात्रै विवाह गर्नुपर्नेमा जोड दिए । सञ्जालको अध्यक्ष अमृत राउतको अध्यक्षतामा भएको कार्यक्रममा नगराईन नगरपालिकाका नगर प्रमुख विनय कुमार यादवले समुदायमा चेतनाको अभावको कारण बाल विवाह र छोरी शिक्षामा ड्रप आउट हुने गरेको बताए । मेयर यादवले भने, 'समाजमा कसैको कुरा कसैले सुन्दैन, बच्चाहरुले गल्ती गरेको विषयमा अभिभावकलाई भन्दा विश्वास नगर्ने, समस्यामा परेपछि हारगुहार गर्ने प्रवृति समाजमा मौलाएको छ ।' उनले बालविवाहको समस्या अन्य समुदायमा रहेपनि दलित समुदायमा बढी मात्रामा रहेको बताए । वडाध्यक्ष राजकुमार ठाकुरले पालिकामा नीति नभएको र संघीय सरकारको नीति कार्यान्वयन गर्न खोज्दा विपक्षी दलहरुले काम गर्न नदिएको बताए । बालविवाहको कारण छोरीहरु बीचमै पढाइ छाड्न बाध्य छन् । सामाजिक कुरीतिको कारण र छोरीहरु घरबाट भाग्ने गरेकोले पनि अभिभावकहरुले बच्चा उमेरमै विवाह गरिदिने गरेको वडा सदस्य तेतरी देवी महराले बताइन । सामाजिक अभियन्ता एवम् पूर्व शिक्षिका उर्मिला वर्माले खास गरि डोम मुसहर समुदायमा छोरीलाई एकदमै कम पढाउने गरेको उदाहरण प्रस्तुत गरिन् । प्यानल डिस्कसनमा सेफ नेपालका कार्यक्रम संयोजक तथा मानव अधिकारकर्मी विनोद महराले संस्था तथा परियोजनाको आचारसंहिता तथा कार्यक्रममा प्रकाश पारेका थिए भने कार्यक्रमको सहजीकरण युवा सञ्जालको तर्फबाट श्याम नन्दन ठाकुरले गरेका थिए ।

# आइसँ फिल्म साउथ एसिया महोत्सव शुरू

काठमाण्डू । 'डकुमेन्ट्री इन एन्थ्रोपोसन' थिममे आइसँ फिल्म साउथ एसिया महोत्सवके चारिम संस्करण शुरु भ रहल अइछ । ललितपुरके यलमाया केन्द्रमे चाइर दिनधैए होबएबला महोत्सवमे विभिन्न देशक ४७ टा लघु चलचित्र आ वृत्तचित्र प्रदर्शन कएल जाएत । महोत्सवमे नेपालसहित भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्कालगायत नवो देशक चलचित्र प्रदर्शन भ रहल अइछ । महोत्सवक सहायक निर्देशक पवस मानन्धर अइ साल वेस्ट फिल्म इन द क्लाइमेट क्राइसिस अवार्ड बढ़ाएल गेल उल्लेख करैत उत्कृष्ट चलचित, जुरी अवार्ड, उत्कृष्ट स्टुडेन्ट चलचित, उत्कृष्ट डेब्यु चलचित्र आ उत्कृष्ट फिल्म इन द क्लाइमेट क्राइसिस अवार्डके लेल प्रतिस्पर्धा हेबाक जानकारी देलैन । 'भोर ९ बजेसँ महोत्सव शुरु हएत । निर्देशनसम्बन्धी कार्यशाला सेहो हएत,' ओ कहलैन, 'वृत्तचित्र आ सिर्जना देखैबलाके लेल ई महोत्सव स्वर्णिम अवसर छी ।' कार्यशालामे भारतक निर्देशक कवीर खानके उपस्थीतिसमेत रहबाक बताएल गेल अइछ । महोत्सवमे पहिल दिन तीनटा विद्यार्थीसभद्वारा सिर्जित सात लघु चलचित्र प्रदर्शन करबाक तैयारी रहल अइछ ।






## सम्पादकलाई चिठी

मधेशदृष्टि दैनिकको मंसिर ५ गते प्रथम पृष्ठमा प्रकाशित समाचार 'चार करोडको मेसिनः 'मिलेमतो'मा १० करोडको टेन्डर' समाचारमा हाम्रो पनि नाम जोडिएकामा आपत्ति जनाउँछौं । समाचारमा भनिएजस्तो हाम्रो कुनै संलग्नता छैन । हामी यस्तो काममा नजोडिएको र कतै हामी बैठकमा नगएको जानकारी गराउँछौं । समाचार सच्याइदिन हुन अनुरोध गर्दछौं ।

–प्रेम सिंह, सुमित सिंह




# छुट्टाछुट्टै सवारी दुर्घटनामा दुई जनाको मृत्यु

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लामा बुधबार राति भएको छुट्टा छुट्टै सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ । अन्य ४ जना घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार, चन्द्रनिगाहपुर–गौर सडक खण्डको चन्द्रपुर–९ मा बीआर ०५ पीए ६२५६ नम्बरको भारतीय स्कारपियोले लु १२ प २९४१ नम्बरको मोटरसाइकलाई ठक्कर दिँदा मोटरसाइकलका चालक गुजरा नगरपालिका–५ इसलामपुरका २४ वर्षीय शेख जमालुदिनको मृत्यु भएको छ । उनको हाइवे ट्रमा सेन्टर अस्पतालमा उपचारका क्रममा बिहीबार बिहान मृत्यु भएको प्रहरीले जनाएको छ । मोटरसाइकलमा पाछडि बसेका घाइते मजिद मुसलमान गम्भीर रहेकाले थप उपचारका लागि काठमाडौं रेफर गरिएको प्रहरी नायब उपरीक्षक राजकुमार राईले बताउनुभयो । प्रहरीले गढीमाई नगरपालिका–४ घर भएका स्कोरपियो चालक कृष्णनन्दन यादवलाई नियन्त्रणमा लिएको छ ।

त्यही स्थानमा प्रदेश २–०३–०१२प ८७६१ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुदाँ मोटरसाइकल चालक गुजरा–५ का २० वर्षीय समदुल अन्सारी र पछाडि बसेका सेख इसराद घाइते भएका छन् । यस्तै चन्द्रपुर नगरपालिका–६ तल्लो बजार स्थित चन्द्रनिगाहपुर–गौर सडक खण्डमा बा.३४प.४२४ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदल यात्री देवाही गोनाही–३ का १६ वर्षीय निकिन्द्रकुमार पटेल घाइते भएका छन् । पटेललाई ठक्कर दिएपछि अनियन्त्रित भई विद्युत्को पोलमा मोटरसाइकल ठोक्किएर चालकको मृत्यु भएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जानकारी दिएको छ । मोटरसाइकल चालकको सनाखत हुन सकेको छैन । मोटरसाइकल चालकको चन्द्रपुर अस्पतालमा उपचारका क्रममा बिहीबार बिहान मृत्यु भएको हो ।

**ट्रक र मोटरसाईकल दुर्घटनामा एकजना घाईते**

वीरगंजको पावर हाउस चोकमा ट्रक र मोटरसाईकल दुर्घटनामा एकजना घाईते भएका छन् । वीरगंजबाट ड्राईपोर्टतर्फ गईरहेको ना ५ ख ३५७२ नम्बरको ट्रकमा ना ५१ प ४९२३ नम्बरको मोटरसाईकल ठोक्किएर दुर्घटना हुँदा एकजना घाईते भएका हुन् । घाईतेको नाम ठेगाना भने खुल्न सकेको छैन । ड्राईपोर्टतर्फ गईरहेको ट्रकको मुनी मोटरसाईकल छिर्दा मोटरसाईकल चालक घाईते भएका प्रत्यक्षदर्शीले बताएका छन् । घाईतेको उपचार नारायणी अस्पतालमा भइरहेको छ । दुर्घटनापछि ट्रक चालकलाई स्थानीयले नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएका छन् । दुर्घटना बारेमा अनुसन्धान भईरहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी निरीक्षक लोकराज भट्टले जानकारी दिए ।

# मतदातासँग सघन भेटघाटमा उम्मेदवार

**मधेशदृष्टि**
**महोत्तरी ।**
अन्तिम नामावली प्रकाशनसँगै निर्वाचन चिन्हसमेत पाएपछि महोत्तरीको रामगोपालपुर नगरपालिका–२ को स्थानीयतह उपनिर्वाचनका उम्मेदवार मतदातासँग सघन भेटघाटमा छन् । जिल्लामा एउटा मात्र वडामा भइरहेको उपनिर्वाचनमा अहिले रामगोपालपुर–२ का घरघरमा उम्मेदवार र समर्थकहरू पुग्न थालेका हुन् । निर्वाचन आयोगले बुधबार मनोनयन फिर्ता लिएर बाँकीलाई निर्वाचन चिन्ह प्रदान गरेपछि उम्मेदवारको मतदातासँगको भेटघाट बाक्लिएको हो । रामगोपालपुर–२ मा हुने उपनिर्वाचनअन्तर्गत चुनावी मैदानमा सात दलका र ११ स्वतन्त्रसहित १८ जना उम्मेदवार छन् ।

बीस जनाले उम्मेदवार हुन मनोनयनपत्र दर्ता गराएका थिए । हिजो बुधबार जनमत पार्टीका ललिन्द्रकुमार साह र स्वतन्त्र विमलेन्द्रकुमार यादवले मनोनयन फिर्ता लिएपछि चुनावी मैदानमा १८ जना उम्मेदवार छन् । सबै उम्मेदवार एकपछि अर्को गर्दै घरघरमा मतदातासँग भेट्ने क्रम बढ्ेसँगै यहाँका मोहनपुर, टेङर र बसबिट्टी बस्तीमा अहिले चुनावी वातावरण तातेको छ ।

चुनावी मैदानमा नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र राष्ट्रिय स्वतन्त्र पार्टीबाट क्रमशः मोहम्मद जनिफ खाँ, सकिबुल खाँ, आइतीकुमारी यादव र खुरसेद खाँ उम्मेदवार छन् । यसैगरी जसपा नेपाल, राप्रपा र राष्ट्रिय जनता पार्टीबाट क्रमशः मोहम्मद नजामुद्दिन खाँ, मोहम्मद मनान खाँ र राजेशकुमार यादव प्रतिस्पर्धामा छन् । यी बाहेक ११ जना स्वतन्त्र उमेदवारमा विजयकुमार सिंह, रामऔतार यादव, राजदेव यादव, राकेशकुमार यादव, मोहम्मद इमामुद्दिन खाँ, मोहम्मद अरमान रजा खाँ, मुकेश्वर ठाकुर, नजामुद्दिन खान, धीरेन्द्रप्रसाद यादव, गङ्गाप्रसाद यादव र अशोककुमार यादव छन् ।

यसअघि विसं २०७९ को स्थानीय तह निर्वाचनमा नेकपा (माओवादी केन्द्र)बाट निर्वाचित वडाध्यक्ष मुकेशकुमार यादवको दुर्घटनामा निधन भएपछि यहाँ उपनिर्वाचन हुन लागेको हो । यही मङ्सिर १६ गते हुने मतदान तालिकाको निर्वाचनमा दल र स्वतन्त्र उम्मेदवारी दिएका सबै आ–आफ्नो जितको दाबी गर्दै छन् । जिल्लाभरिमा एक ठाउँमात्र हुन लागेको उपनिर्वाचनमा सबैजसो दलका केन्द्रदेखि जिल्ला र नगरतहसम्मका नेता, कार्यकर्ता अहिले रामगोपालपुर–२ केन्द्रित छन् ।

यस वडामा यसपालि मतदान गर्न पाउने दुई हजार एक सय ४१ मतदाता रहेका मुख्य निर्वाचन अधिकृतको कार्यालय रामगोपालपुर–२ ले जनाएको छ । जसमा एक हजार दुई सय एक पुरुष र नौ सय ४० महिला मतदाता रहेका मुख्य निर्वाचन अधिकृत राजकुमार कोइरालाले जानकारी दिए ।

उपनिर्वाचन कार्य सम्पन्न गर्न आवश्यक जनशक्ति, सुरक्षा प्रबन्ध र अन्य आवश्यक सामग्री तयारी अवस्थामा राखिएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । आममतदातालाई निर्भय भई मतदानमा सहभागी हुन कार्यालयले आग्रह गरेको छ । रासस

# बालबालिकालाई स्वर्ण बिन्दु खोप खुवाइयो

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रादेशिक आयुर्वेदिक तथा वैकल्पिक चिकित्सालय वीरगञ्जले आज पाँच वर्षमुनिका बालबालिकालाई स्वर्ण बिन्दु खोप खुवाएको छ । बालबालिकाको प्रतिरक्षा प्रणाली वृद्धि गर्न तथा शारीरिक र मानसिक विकासमा टेवा पु¥याउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको हो । चिकित्सालयले प्रत्येक महिनाको निश्चित मितिमा यस्तो कार्यक्रम सञ्चालन गर्दै आएको छ । चिकित्सालयका प्रमुख डा. शिवनारायण गुप्ताका अनुसार स्वर्ण बिन्दुले बालबालिकाको मस्तिष्कको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

डा. गुप्ताले बालबालिकाको शारीरिक तथा मानसिक विकासको प्रारम्भिक अवस्था (एकदेखि पाँच वर्ष) अत्यन्तै संवेदनशील हुने भएकाले स्वर्ण बिन्दु खुवाउन आवश्यक रहेको बताए । यो खोपले निमोनिया, झाडापखालालगायत रोगबाट बच्न सहयोग गर्ने र बालबालिकाको तौल वृद्धिमा पनि सहयोग पु¥याउने उनले जानकारी गराए । डा. गुप्ताका अनुसार चालू आवमा साउन २०, भदौ १५, असोज ११, कात्तिक ८ मा स्वर्ण बिन्दु खुवाइएको थियो । यसै गरी, पुस ३, माघ २, फागुन २६, वैशाख २१, जेठ १८, र असार ११ मा पनि स्वर्ण बिन्दु खुवाउने योजना रहेको छ । चिकित्सालयले यो अभियानमा सक्रिय सहभागिता जनाउन अभिभावकहरूलाई आह्वान गरेको छ ।

# स्कुलबसको ठक्करबाट बालिकाको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
धनुषाको धनुषाधामनगरपालिका–३ मा स्कुलबसको ठक्करबाट ३ वर्षीय बालिका मान्सी शर्माको मृत्यु भएको छ ।

मृतक बालिका स्थानीय सरोज शर्माकी छोरी हुन् । धनुषा प्रहरीले जनाएअनुसार, बाल आवासीय माध्यमिक विद्यालयको ना १ ख ९६९६ नम्बरको बसले बिहीबार बिहान खेलिरहेका बेलाबालिकालाई ठक्कर दिएको थियो ।

गम्भीर घाइते भएकी बालिकालाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर पु¥याइएको भएपनि चिकित्सकहरूले उनलाई मृत घोषित गरे । बस चालक उमेश कुमार साहलाई प्रहरीले नियन्त्रणमा लिएर थप अनुसन्धान जारी राखेको छ ।




# महोत्तरीमा १५ प्रतिशत परिवार अझै शौचालयको पहुँच बाहिर

**मधेशदृष्टि**
**महोत्तरी ।**
यहाँका १५ प्रतिशतभन्दा बढी घरपरिवार अझै शौचालय पहुँच बाहिर छन् । दुई दिनअघि गत मङ्गलबार विश्व शौचालय दिवस मनाइँदा सरसफाइको मुख्य पाटो मानिने शौचालय नभएका अझै महोत्तरीमा १५ दशमलव चार प्रतिशत घरपरिवार रहेको तथ्याङ्क छ । खासमा सामाजिक, सांस्कृतिक, शैक्षिक र आर्थिक अवसरको पहुँच बाहिरका सिमान्तकृत जाति समुदायका घर शौचालयविहीन छन् ।

महोत्तरीको यो अवस्था राष्ट्रिय जनगणना—२०७८ को तथ्याङ्क हो ।मुलुक खुला दिसामुक्त राष्ट्र घोषणा भएको पाँच वर्ष नाघेको छ । विसं २०७६ असोज १३ गते नेपाल खुला दिसामुक्त राष्ट्र घोषणा भएको हो । त्यसयता विपन्न परिवारका घरमा शौचालय निर्माणका योजना नबन्दा महोत्तरीका १५ दशमलव चार प्रतिशत घरका जनता दिसापिसाब गर्न अझै खुला चउर, झाडी र सडक पेटी प्रयोग गर्न बाध्य छन् । भगाहा–४ को रामनगर बस्तीको मुसहरीटोलमा ३५ घर छन् । पराले झुप्राको बस्तीका यी घरको उपयोगमा एउटा पनि शौचालय छैन । 'चर्पी चाहिन्छ भन्ने त बुझेका छौं, तर हाम्रो टोलमा कसैसँग त्यसका लागि जग्गा र बनाउने पैसा छैन', बस्तीका अगुवा जुगल सदा मुसहर भन्छन्, 'घरघरै नभए टोलभरिकै लागि एकै ठाउँमा पानीको सुविधासहितको साझा चर्पी बनाइ दिने कोही उभिए गुन गाउँथ्यौं ।' जिल्लामा मुसहर, बाँतरजाति समुदायको सबैभन्दा बढी बसोबासको स्थानीय तह भङ्गाहा नगरपालिका हो ।

यसै नगरक्षेत्रमा २७ दशमलव नौ प्रतिशत घर अझै शौचालयविहीन रहेका राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अभिलेखमा उल्लेख छ । जिल्लाका सबैजसो विपन्न दलित बस्तीमा यही अवस्था देखिन्छ । जिल्लाका कतिपय दलित बस्तीमा शौचालय चाहिन्छ भन्ने चेतना खुले पनि ठाउँ र रकमको अभाव देखिन्छ । जिल्लामा मुसहर, बाँतर, डोम, मेस्तर र हलखोरसहितका अति विपन्न जाति समुदायका बस्तीका घर शौचालयविहीन छन् । कतिले शौचालय जरुरी भएको बुझे पनि अधिकांशले अझै यो अनिवार्य आवश्यकता भन्ने बुझिसकेका नहुँदा यो अवस्था अन्त्य हुन नसकेको सामाजिक सङ्घ संस्थाका अगुवा बताउँछन् । जिल्लामा कूल एक लाख ३७ हजार ९०२ घरपरिवारमध्ये १५ दशमलव चार प्रतिशत घर अझै शौचालयविहीन रहेका छन् ।

योभित्र सबैभन्दा बढी भङ्गाहा नगरक्षेत्रमा २७ दशमलव नौ र सबैभन्दा कम बर्दिबास नगरक्षेत्रमा चार प्रतिशत घर शौचालयविहीन रहेका सो तथ्याङ्क प्रतिवेदनमा उल्लेख छ ।

विसं २०६८ र २०७८ को बीचको १० वर्ष अवधिबीच सरसफाइ सचेतना र शौचालय निर्माणको काम अभियानमा सञ्चालन गरिँदा राम्रो सकारात्मक परिणाम मिले पनि २०७८ यता यो अभियान पूरै सुस्त हुँदा अवस्था ज्यूँका त्यूँ रहेको सामाजिक क्षेत्रका अगुवा प्रयास महोत्तरीका अध्यक्ष प्रवीण कर्ण बताउँछन् ।

जिल्लाका १५ स्थानीय तहका सबै बस्तीमा केही न केही शौचालयविहीन घर छन् । घरमात्र नभएर जिल्लाका खुबै चल्तीका बजारक्षेत्र, चोक, हाटजस्ता सार्वजनिक ठाउँमा पनि सार्वजनिक शौचालयको अभाव छ । यो अवस्था अन्त्यका लागि सम्बन्धित स्थानीय तहहरुले स्पष्ट खाकासहित योजनाबद्ध काम अघि बढाउन आवश्यक रहेको जिल्ला समन्वय समितिका प्रमुख सुमनकुमार लाल कर्ण बताउँछन् ।


'स्थानीय तह र यहाँका सामाजिक सङ्घ संस्थाले एकसाथ योजनाबद्ध रुपमा काम थाले अब शौचालयविहीन अवस्था हटाउन सकिन्छ, हाम्रो सामूहिक प्रयत्नले यो गर्न सकिने काम हो', कर्ण भन्छन्, 'यसपटक सबै स्थानीय तहले शौचालय बन्न नसकेका कारण पहिल्याउँ, त्यसको निदान खोजौँ , सहयोगी हात भेटिनेछन् ।' सङ्कल्पसाथ काममा लागे स्थानीय तहमा रहेको नेतृत्वले आफ्नै कार्यकालमा यो काम सम्पन्न गर्नसक्ने कर्णको विश्वास छ ।

शौचालय सुविधाको उपयोगको दृष्टिले मधेश प्रदेशलाई हेरिँदा यहाँ अझै १२ प्रतिशत घरपरिवार यो सुविधाबाट वञ्चित छन् । मधेशका कूल ११ लाख ५६ हजार तीन सय ८३ घरपरिवारमध्ये ८८ प्रतिशतले कुनै न कुनै प्रकारका शौचालयको प्रयोग गरेका राष्ट्रिय जनगणना–२०७८ को प्रतिवेदनमा उल्लेख छ । मधेशका अब १२ प्रतिशत घरपरिवारमा शौचालय सुविधा पुग्न बाँकी छ ।

विसं २०६८ को राष्ट्रिय जनगणनामा हालको मधेशका आठ जिल्लामा ७२ दशमलव सात प्रतिशत शौचालयविहीन घर रहेका तथ्याङ्क थियो । विसं २०६८ र २०७८ को बीच अवधिमा सरसफाइ सचेतनाका जागरणका सघन अभियानले निकै राम्रो परिणाम दिएको २०७८ को राष्ट्रिय जनगणनाको परिणामले देखाएको छ । त्यो दशक (२०६८–२०७८) को प्रयत्न झैं एक पटक सबै सम्बद्धपक्षले यो अवस्था अन्त्यका लागि सङ्कल्पसाथ लागे चाँडै नै सकारात्मक परिणाम प्राप्त हुने सामाजिक तथा स्वास्थ्य अभियानकर्मी बताउँछन् ।

स्थानीय तह र सामाजिक सङ्घ संस्थाको सामूहिक प्रयत्नले यस्तो परिणाम प्राप्त गर्नसकिने सरसफाइ सचेतना अभियानमा लामो अनुभव सँगाल्नुभएका रतौली युवा क्लबका संस्थापक अध्यक्ष वैद्यनाथ चौधरी बताउँछन् । रासस

# ट्राफिकद्वारा झण्डै ३६ लाख राजश्व संकलन



**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लास्थित ट्राफिक प्रहरीले यस आर्थिक बर्षको पहिलो चौमासिकमा झण्डै ४ हजार सवारी धनीलाई गरेको कार्यवाहीबाट करिब ३६ लाख रुपैयाँ राजश्व संकलन गरेको छ ।

जिल्ला ट्राफिक कार्यालय चन्द्रिगाहपुर तथा मातहतका युनिटहरुले सवारी धनीलाई गरेको कारवाहीबाट उक्त राजश्व संकलन गरिएको हो । गत साउन महिनादेखी कार्तिक मसान्तसम्म जिल्लाभरीमा ट्राफिक नियम बिपरित चलेका ३ हजार ९ सय ९४ सवारी धनीलाई कारवाही गरी कुल ३५ लाख ८३ हजार ५०० रुपैयाँ राजश्व संकलन भएको जिल्ला ट्राफिक कार्यालय चन्द्रिगाहपुरका प्रमुख इन्स्पेक्टर लोकेन्द्र अधिकारीले बताए । ट्राफिक नियम बिपरित चल्ने सवारी साधनमा सबै भन्दा बढी मोटरसाइकलको संख्या रहेको इन्स्पेक्टर अधिकारीले बताए । सोही अवधिमा जिल्लाभरीमा कुल २ सय २१ वटा सवारी साधन दुर्घटना भएको छ । उक्त दुर्घटनामा परेर महिला पुरुष गरी १६ जनाको मृत्यु हुनुका साथै ३ सय ९४ जना घाईते भएका ट्राफिक प्रहरीको सूचनामा उल्लेख गरिएको छ । बढ्दो सवारी दुर्घटना नियन्त्रणको लागि जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्दरनिगाहपुर मातहत गौर, बमनहर, सुकदेव चौक, गरुडा, बागमती, दुमारिया मतिऔंन, बिजयपुर, मौलापुर, बंकुल लगायतका स्थानमा ट्राफिक प्रहरी परिचालन गरिएको सूचनामा उल्लेख गरिएको छ । तीव्र गति, बाटोको अवस्था राम्रो नभएको, मदिरा सेवन गरी सवारी चलाउनु, बाटोको क्षमता भन्दा बढी सवारी साधन गुड्नु लगायत दुर्घटनाको कारण भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रिगाहपुरले जनाएको छ ।

# नेशनल स्टुडेन्ट इनोवेशन समिट शुरु




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
एनवाईईएफ जनकपुर च्याप्टर र मोनाष्टिक स्कुलको संयूक्त आयोजनामा जनकपुरधाममा बिहीबारदेखि दुई दिने नेशनल स्टुडेन्ट इनोवेशन समिट २०२४ (सीजन–२) शुरु भएको छ । कार्यक्रम मधेशमा विद्यालय स्तरमा उद्यमता र नवाचारको संस्कृति स्थापित गर्ने उद्देश्यले आयोजना भइरहेको बताइएको छ ।

यसअघि समिटको पहिलो संस्करण २०२३ मा सफलताका साथ सम्पन्न भएको थियो । जसमा विद्यार्थी, शिक्षक र विभिन्न क्षेत्रका उद्यमीहरूको सहभागिता रहेको थियो । यसको परिणामस्वरूप यस कार्यक्रमले विद्यालय स्तरमा उद्यमताको सोचलाई थप प्रोत्साहन पुर्याएकोले यसपालि यसको दोस्रो संस्करणको आयोजना गरिदैँछ ।विद्यालयका विद्यार्थीहरूलाई उद्यमिता सोच र नवाचारको प्रवृत्ति तथा क्षमतामा सशक्त बनाउनु कार्यक्रमको मुख्य उद्देश्य रहेको मोनाष्टिक स्कुलका निर्देशक डाक्टर सोनु साहले बताए । उनले कार्यक्रममा ३५ विद्यालयबाट ३५० भन्दा बढी विद्यार्थीहरू (कक्षा ६ देखि कक्षा १२ सम्मका) सहभागिता रहेको छ ।

## सम्पादकीय

# स्वास्थ्यमा देखिएको गडबडी

*मधेश प्रदेश स्वास्थ्य मन्त्रालय मातहत स्वास्थ्य आपूर्ति केन्द्रले खरिद प्रक्रिया अगाडि बढाएको मेमोग्राफी उपकरण प्रकरणले सबैको ध्यान केन्द्रित गरेको छ । मन्त्रिपरिषद्बाटै मापदण्ड बनाएर कुनै एउटा कम्पनीलाई मात्र उपकरण किन्न सक्ने अवस्था निर्माण गरिनु आफैँ नीतिगत भ्रष्टाचार हो । त्यस्तै सामान बेच्नसक्ने र सस्तोमा किन्नसक्ने अवस्थामा बन्देज गरिनु पक्कै पनि सत्ताको दुरुपयोग हो । अघिल्लो वर्ष बागमती प्रदेश सरकारले ९५ लाख रुपैयाँमा किनेको उपकरणका लागि एकवर्षपछि मधेश प्रदेश सरकारले २ करोड ५० लाख रुपैयाँको हाराहारीमा रकम छुट्याएर एउटा निहित स्वार्थ बोकेको कम्पनीका लागि विज्ञापन मापदण्ड नै बनाउनु पक्कै श्वेत अपराध हो ।*

*यस्तो अपराध अहिले टिक्न सक्दैन । कतै न कतैबाट यस्तो कमजारी बाहिरिन्छ र अन्ततः यसमा जोडिएका सबैले एक न एक दिन जवाफ दिनैपर्छ । यसपटक मधेश प्रदेश सरकारका स्वास्थ्यमन्त्री शत्रुधन प्रसाद सिंह, स्वास्थ्य सचिव डा. सञ्जय ठाकुरको पनि मौनता, संलग्नता देखिनु कतै स्वास्थ्य व्यवसायमा केही निहित स्वार्थ बोकेकाहरुको प्रयोगमा परे कि भनेर प्रश्न उठ्ने नै भयो । प्रदेश सरकारले जनताको स्वास्थ्यको हितका लागि आवश्यकताका आधारमा सामान किन्न स्वायत्त छ । यसैले प्रदेश सरकार चाहिएको हो । तर सरकारका मन्त्री, सचिव र सामान किन्ने व्यवस्थापन केन्द्र नै कुनै अमूक व्यापारीका हितमा उभियो भने प्रश्न उठ्ने नै गर्छ । अहिले पनि उपकरण बजारमा मधेश स्वास्थ्य प्रदेशले किन्न खोजेको उपकरण मेमोग्राफी एक करोड रुपैयाँमा दिन सकिन्छ भनेर उपकरण व्यवसायीहरु सम्पर्कमा आएका छन् । यस्तो अवस्थामा उपकरण खरिदको टेन्डर प्रक्रियामा भाग नै लिन नपाउने गरी स्पेसिफिकेसन गरिनु पक्कै श्वेत अपराध हो ।*

*र, मधेशदृष्टिले समाचार प्रकाशन गरेपछि स्वयम् मुख्यमन्त्री सतिश कुमार सिंहले यसलाई चासोका रुपमा लिएर सचिवसँग छलफल गरेर यस्तो बाधा अड्काउ नराख्न आदेश दिएको खबर पाएका छौँ । ठिकै हो, समाचारले खबरदारी गर्ने हो, राज्यको आँखो खुलोस् । तर बजारमा एकछत्र आफ्नो मात्रै कारोबार हुनुपर्छ भनेर सरकारी कर्मचारीलाई पनि कब्जामा राख्न चाहनेहरुलाई यस्तो समाचारले गरिखान दिँदैन भन्ने पिर पर्नु स्वाभाविक हो । बजारमा हुलहुज्जत गरेर, तर्साएर, डर धम्की देखाएर पनि व्यवसायमा टिक्न सकिन्छ भन्नेहरुले यो घटनाबाट राम्रै पाठ सिकेका छन् ।*

*व्यवसाय सबैले गरिखान पाउनु पर्छ । कुनै पनि विषयमा दक्षता हासिल गरेकाहरुले मौका पाउनु पर्छ । कुनै एउटा अमूक कम्पनी र व्यक्तिको रुचिका भरमा यस्ता करोडौँ रुपैयाँका टेन्डरहरुको कारोबारमा सरकारका मन्त्री, सचिवहरुले पनि सचेतता अपनाउन जरुरी छ । मधेश प्रदेशको मुख्यमन्त्री कार्यक्रम अन्तर्गतको साइकल भ्रष्टाचार प्रकरणले पनि मधेशका कर्मचारीले सजगता अपनाउनु पर्ने हो । तर आएका बेला, पाएको बेला किन छाड्ने भनेर अमूक व्यापारीका पक्षमा टेण्डर निकाल्ने अपराध कुनै न कुनै कालखण्डमा विष बनेर चरित्रमा दाग लगाउने मोसो हुनेमा शंका छैन । सबैले गरेको कर्मको फल भोग्नै पर्छ ।*

# नेपाल–भारत सम्बन्धः ५ प्राथमिकता



**डा. शंकर शर्मा**

भारतमा म राजदूतका रुपमा दुई वर्ष चार महिना बसें । नेपाल र भारतबीच उच्चस्तरीय भ्रमणहरु हुन्छन् । परराष्ट्र सचिवस्तरीय भ्रमणलाई पनि उच्चस्तरीय नै भन्नुप¥यो । योसमेत गर्दा मेरो कार्यकालमा ८ वटा भिजिट भए ।

भारतसँग हाम्रा ईस्युहरु र प्रतिवद्धता हेदा बाढी, डुबान र व्यापारले मात्रै करिब–करिब ६०–७० पेज त्यसैले खान्छ । यसमा भारतका तर्फबाट पूर्वाधार र कनेक्टिभिटीका धेरै प्रोजेक्टहरु पाइपलाइनमा पनि छन् । सबैभन्दा पहिलो कुरो त के हो भने हाम्रो प्राथमिकता केबाट अगाडि बढ्ने ? पहिला–पहिला हामीले विश्वविद्यालयमा पढ्दाखेरि सुन्थ्यौं, सहसचिवहरुको छलफल हुने, सचिवहरुको छलफल हुने, मन्त्री जाने अनि प्रधानमन्त्री जाने हुन्थ्यो र प्राथमिकताका विषयहरु पनि हुन्थे । मैले पछिल्लो अढाई वर्षमा समस्या कहाँनेर देखें भने योचाहिँ अहिले हाम्रोतर्फबाट पनि अलिकति कमी भएको हो कि ? यस कारण इण्डियासँग मिटिङमा बस्यौं भने हामी हराउँछौं । यति धेरै इस्युहरु छन् । भिजिटमा १०÷१२ वटा एमओयू पनि हुन्छन् । एग्रिमेन्ट पनि हुन्छ । तर, हामीले खोजेका कुराहरु हुन्छन् कि हुँदैनन् भन्ने कुरा हो ।

भारतसँगको हाम्रो व्यापार, लगानी र जनस्तरको सम्बन्ध गहिरो छ, यसको नम्बर मैले दिइरहनुपर्दैन । अस्ति मात्रै अर्थ मन्त्रालयमा गएको थिएँ, सचिवज्यूले सट्ट एउटा एसएमएस निकाल्नुभयो । पछिल्लो वर्ष ६ लाख ४१ हजार गाडी इण्डियाबाट नेपाल छिरेछन् । १७ हजार बस ट्रिप आएछन् । भनाइको मतलब, हाम्रो यस्तो किसिमको आवत–जावत छ ।

गत वर्ष मैले हाम्रा प्राथमिकताहरुलाई अलि बढी जोड दिनुप¥यो भनेर पाँचवटा प्राथमिकताहरु भनें । हाम्रो प्रधानमन्त्रीजी (प्रचण्ड)लाई पनि भनें । उहाँले टिपेर पनि राख्नुभयो । त्यसमा छलफल पनि शुरु भयो ।

पहिलो प्राथमिकताः दीर्घकालीन सम्झौतामा जोड

यो मैले पहल गरेको त पक्कै होइन, तर नेपाल र भारतबीच दीर्घकालीन एग्रिमेन्ट हुनुप¥यो । किनभने, अल्पकालीन सम्झौता हुनासाथ लगानीकर्ताको अनिश्चितता हुने भयो । मैले भारतीय अधिकारीहरुलाई दुई–तीनघण्टासम्म राखेर हाम्रा प्राथमिकताबारे बताएँ । शुरुमा उहाँहरुको प्रश्न के थियो भने भूटानले चाहिँ दीर्घकालीन सम्झौता मात्रै गर्छ, ऊ अल्पकालीनमा आउन खोजिरहेको छ,तिमीहरु किन दीर्घकालीनमा जाने ? जबकि अल्पकालीनमा त पैसा धेरै हुन्छ ।

ठीक हो, तर हामीलाई दुईवटै चाहियो । अल्पकालीन सम्झौताले लगानीको ग्यारेन्टी गर्दैन, दीर्घकालीनले लगानीको ग्यारेन्टी गर्छ । हामीलाई कम पैसा भए पनि हुन्छ तर भारत र तेस्रो मुलुकमा निर्यात बढाउन लागि दीर्घकालीन लगानीको ग्यारेन्टी चाहियो । यसो भनेर छलफल हुँदै जाँदा पछि नेपालका प्रधानमन्त्रीले पनि निकै जोड गर्नुभयो । उहाँले यो म गराएरै छोड्छु भन्नुभएको थियो । उहाँले पनि ब्रिफिङ लिएरै यो सम्भव छ भन्ने ठान्नुभयो होला ।

हामीले १० हजार मेगावाट विद्युत व्यापारमा हाम्रैतर्फबाट भारत र नेपालका लगानीकर्ता भनेको हुनाले अलिकति सीमा छ । तर, अलिकति पाइपलाइनमा पनि भइसकेको हुनाले भारत र नेपालको लगानीमा गर्दाखेरि १० हजार मेगावाट उत्पादन हुन सक्छ भन्ने हिसाबले त्यसलाई अगाडि लिएर गएको हो ।

हाम्रो आन्तरिक बजार पनि प्रशस्तै छ । अहिले बंगलादेशसँग पनि व्यापार शुरु भयो । अहिले भारतसँग ठ्याक्कै नम्बर अनुसार ९४१ मेगावाट छ । तर, यसमा हामीले १० प्रतिशतसम्म अतिरिक्त निर्यात गर्न सक्छौं भनेपछि १ हजार मेगावाट भन्दा बढी हामीले अहिले भारतमा निर्यात गर्न सक्छौं । तर, दुर्भाग्यवस यो साल हाम्रोमा आएको बाढीपहिरोका कारणले गर्दा त्यति सक्दैनौं जस्तो लाग्छ । तर, हामीले डेढ वर्षमा जोड गर्दा–गर्दा यति त उपलब्धि भयो ।

दश हजार मेगावाटको कुरामा कस्तो छ भने झण्डै साढे चार हजार÷पाँच हजार मेगावाट त एनएचपीसी र सतलजका परियोजनाहरु पाइपलाइनमा छन् । हुन त पञ्चेश्वरको कुरा गरेको २९ वर्ष भयो तर पञ्चेश्वर आयो भने ५ हजार ६ सय मेगावाट त्यहाँबाट पनि हुन आउँछ । अहिले हामी माथिल्लो अरुणको पनि कुरा गरिराखेका छौं । तमोरको कुरा छ । एकदमै राम्रा प्रोजेक्टहरु, लगानीकर्ताहरुले लिन तयार भएका प्रोजेक्टहरु नै छन् अहिले । त्यसकारण उत्पादनका हिसाबले सहजीकरण गर्दै गयौं भने त्यति समस्या होलाजस्तो मलाई लाग्दैन । यसले राम्रै गर्छ ।

मध्यकालीन अवधिका परियोजनाहरुको त हामीले एग्रिमेन्ट गरेर हरियाणालाई दिने सम्झौता गरि पनि सक्यौं । अल्पकालीन मात्रै होइन, मध्यकालीन सम्झौता पनि गरि नै सकेका छौं । अब दीर्घकालीन पनि हुँदाखेरि एकदमै राम्रो होला भन्ने लाग्छ ।

अब नेपालमा जुन विद्युत ऐन आउँदैछ, त्यो पारित भएपछि नेपाल र भारतबीच 'प्राइभेट टु प्राइभेट' विद्युत उत्पादन गर्ने हो भने हामीले १० हजार मेगावाट भन्दा बढी नै यस क्षेत्रमा निर्यात गर्न सक्छौं ।

यो एरियामा चारवटा हाई भोल्टेज ट्रान्समिसन लाइन चाहिन्छ । एउटा बनिसक्यो । एउटा बन्दैछ । दुईवटाको भारतसँग एग्रिमेन्ट हुने तर्खरमा पुगेको छ । मलाई लाग्छ, मोडालिटी पनि तयार भयो होला । त्यसकारण यो पनि एउटा राम्रै दिशामा गयो जस्तो लाग्छ । यसमा 'प्राइभेट टु प्राइभेट' गर्न सक्यौं भने अझ राम्रो हुन्छ । यो मेरो पनि उच्च प्राथमिकता नै हो ।

दोस्रो प्राथमिकताः बंगलादेशसँग व्यापार विस्तार

बंगलादेशसँग शुरुमा उहाँहरुले नै भन्नुहुन्थ्यो, ट्रान्समिसन लाइनमा 'स्पेयर क्यापासिटी' छँदै छैन । पछि बंगलादेशले नै यो ४० मेगावाट पत्ता लगाएर ४० भन्ने 'म्याजिकल नम्बर' आयो । यो पनि इण्डियाले ठीक छ, हामी बीबीआईएन र बिमस्टेक फ्रेमवर्कभित्र छौं, यस कारणले हाम्रो तर्फबाट आपत्ति छैन भन्यो ।

श्रीलंकाका राजदूतले पनि हामी तिमीहरुको ऊर्जा किन्न चाहन्छौं भनेका छन् । क्लिन इनर्जीको कुरा गर्दाखेरि हाम्रोभन्दा भारतको अलिकति महंगो, भारतभन्दा बंगलादेशमा अलि महंगो र बंगलादेश भन्दा श्रीलंकामा महंगो रहेछ ।

जे भए पनि यो एउटा राम्रो सुरुवात हो । अब हामीले तीनदेखि ५ वर्षमा के–के गर्ने भनेर यसमा सबैले जोड दिनुपर्छ ।

तेस्रो प्राथमिकताः क्वारेन्टाइन

मैले भारतीयहरुसँग शुरुदेखि नै किचकिच गरिरहेको विषय हो यो । यो पनि एउटा संयोग नै भन्नुप¥यो, काठमाडौंको ल्याब र बिरानगरको ल्याब दुबै चालु छन् । काठमाडौंको त पहिल्यै हो, अहिले बिराटनरगरको ल्याब पनि सञ्चालन भएको छ ।

बिराटनगरको ल्याबमा चाहिँ समस्या के छ भने त्यहाँ स्टाफहरु जम्मा तीनजना मात्रै हुनुहुँदोरहेछ । मैले अर्थ मन्त्रालयमा कुरा गर्दा अर्थसचिवले के भन्नुभयो भने हामीले त बिल्डिङ खोज्न भनेर गएका थियौं, बिल्डिङ त ठूलो छ, तीनजना मात्रै स्टाफ त होइन होला । मैले भेरिफाई गर्दा के रहेछ भने १५ जना प्रशासनिक स्टाफ, तीनजना टेक्निकल स्टाफ । मूल्यांकन गर्ने बेलामा प्रशासनतर्फका स्टाफहरुको अर्थ हुँदैन, टेक्निकल स्टाफको मात्रै अर्थ हुन्छ । त्यसकारण त्यहाँ अलिकति संख्या थप्नु पर्ने छ । हुन त नेपालको प्रशासनबाट नम्बर थपिने भनेको त अर्को तीन वर्ष लाग्छ । तर, अन्तबाट प्राविधिक लगेर पनि त्यसलाई सक्रिय बनाउने समझदारी भएको छ ।

अब खाद्य उत्पादनहरु कुनै पनि दुईवटा ल्याबले मान्यता दिएपछि त्यो चाहिँ इण्डिया जान पाउँछ ।

क्वारेन्टाइनमा केही नेगेटिभ लिस्ट पनि छ । अहिले १५ वटा ठाउँमा क्वारेन्टाइन जाँञ्च हुन्छ । हामीले पनि एकदम सजिलो विधि अपनाएका छौं, भारतले पनि अलिकति खुकुलो नै गरेको छ । १५ वटा समानान्तर क्वारेन्टाइन अफिसहरुबाट क्वारेन्टाइनको काम हुन्छ । चार ठाउँमा नेपालले थप अफिसहरु माग गरिराखेको छ । भारतले त्यहाँको भोल्यूम र सम्भाव्यता हेरेर सहयोग गर्छु भनेको छ ।

क्वारेन्टाइनसँग सम्बन्धित र खाद्य उत्पादनसँग सम्बन्धित विषय पनि प्राथमिकतामा थिए । मलाई लाग्छ, यसको पनि अलिकति सम्वोधन भएको छ । यसमा हाम्रोतर्फबाट पनि केही कामहरु गर्नुपर्ने आवश्यकता देखेको छु । तर, मुख्यकुरा के हो भने क्वारेन्टाइन र खाद्य उत्पादनसम्बन्धी जाँच गर्ने कार्यालयहरु दुबैतर्फ चालु हुनुप¥यो ।

चौथो प्राथमिकताः औद्योगिक उत्पादन

अहिले औद्योगिक उत्पादनको अचानक के आयो भने चाइनाबाट आउने झण्डै ७३२ वटा प्रोडक्टहरु इण्डियाको बीआइएस (ब्यूरो अफ इण्डियन स्टाण्डर्ड) ले प्रतिबन्धित गरेको अवस्था छ । यसले गर्दाखेरि हामीलाई पनि असर प¥यो । भियतनामदेखि लिएर अरु धेरै देशहरुलाई पनि असर परिरहेको छ । यो पनि हाम्रो छलफलको विषय हो ।

नेपाल स्टाण्डर्ड (एनएस) मा त उद्योग मन्त्रालय यसो हेर्दाखेरि तयारै देखिन्छ । तर, एनएस र बीआईएसका बीचमा एमओयू छ । त्यसलाई हामीले साकार बनाउनुप¥यो । त्यो कसरी हुन सक्छ भने जसरी बिराटनगरको ल्याब साकार भयो । त्यो भनेको भारतमा जाने उत्पादनहरुको मापदण्ड त्यहाँ जाँच हुन सक्छ कि सक्दैन, नसकेमा अपग्रेड गर्ने । यसरी बिराटनगरलाई उनीहरुले नै अपग्रेड गरिदिएको हुनाले त्यसले मान्यता पनि पायो । त्यसैले हाम्रो एनएसलाई पनि कुन कुन मापदण्डहरु जाँच गर्नुपर्ने हो, त्यो हेरेर अलि विस्तारित गर्नुप¥यो । कर्मचारी, मेसिनरी वा ल्याब छैनन् भने थप्नुप¥यो । हामीले सक्दैनौं भने टेक्निकल सपोर्ट लिनुप¥यो । यसो गर्न सकियो भने मलाई लाग्छ सजिलो होला । अबको बाटो यही होला भन्ने मलाई लाग्छ ।

पाँचौं प्राथमिकताः क्रस बोर्डर डिजिटल पेमेन्ट

मेरो अर्को एजेण्डा के थियो भने नेपाल भारतबीच क्रस बोर्डर डिजिटल पेमेन्ट । यो चाहिँ संयोगबस अलि छिटै कार्यान्वयन भयो ।

आजको दिनमा काठमाडौंमा मात्रै दैनिक करिब ६० लाख भारतीय रुपैयाँ ट्रान्जिक्सन हुँदोरहेछ । यो हिसाबले त झण्डै दिनको एक करोड रुपैयाँ भारतसँग नेपालको कारोबार हुँदोरहेछ ।

सबैजनाले के भन्नुहुन्छ भने पाँचसय रुपैयाँको नोट चलेन । त्यो पाँचसय रुपैयाँ चलाऊ भनेर हामीले इण्डियालाई कतिञ्जेल कराइरहने ? २५ हजार रुपैयाँ भन्दा बढी ल्याउन पाइँदैन भन्ने छ । त्यसैले अनौपचारिक रुपमा अहिले क्रस बोर्डर डिजिटल पेमेन्टलाई अगाडि लिएर जाऔं र बैंकमा खाता खोल्न सजिलो गराऔं भनिएको हो ।

अहिले कुनै पनि नेपालीले बैंकमा खाता छ भने दुई लाख रुपैयाँसम्म नेपाल पठाउन सक्छ । खाता छैन भने ५० हजार रुपैयाँसम्म बैंकमा गएर आाफ्नो परिवारका नाममा उसले बैंकमार्फत् पठाउन सक्छ । अधार कार्ड लिएर गर्ने इत्यादि कुराहरु त छँदैछ । अब यसमा दुईवटा बाँकी छन् । जसरी इण्डियनले यहाँ नेपालमा सजिलै खाता खोल्न पाउँछन्, नेपालीले पनि भारतमा दूताबासको सिफारिसमा खाता खोल्न पाउने एग्रिमेन्ट भएको छ । तर, कार्यान्वयन चाहिँ भएको छैन । त्यसलाई कार्यान्वयन गरियो भने त्यहाँका कामदारलाई पनि एकदमै सजिलो हुन्छ ।

अर्को, मोबाइलदेखि मोबाइलमा ट्रान्सफर गर्ने चाहिँ अझै भएको छैन । यसको सबै पूर्वाधार बनिसक्यो तर यसलाई हाई लेभलको भिजिटमा गरौं भनेर अनौपचारिक सहमति भएको छ । किनभने, यो इण्डियाको पनि प्राथमिकतामा रहेको प्रोजेक्ट हो ।

यसका लागि त साँच्चै भन्ने हो भने भारतको सहसचिव नेपाल आएर, राष्ट्र बैंकमा बसेर, गफ गरेर । त्यो भन्दा पहिले मैले एनपीसीआईको मान्छेलाई मैले मुम्बईदेखि दिल्लीमा डाकेर कन्भिन्स गरेपछि उनले हाम्रो सरकारले मान्यो भने म तयार छु भने । त्यसपछि भारत सरकारलाई मनाएपछि उनीहरुले नै यहाँ नेपाल राष्ट्र बैंकमा आएर हाम्रो प्रधानमन्त्री जाँदा प्रपोजल बनाएर लिएर गएको हो । मेरो प्राथमिकताको यो काम बाँकी छ । अरु धेरै कामहरु छन् । खबरहब

# दूषित राजनीतिको दुई वर्षः नैतिकता नै आत्मदहन गर्न आतुर भएको समय



**विश्वमणि सुवेदी**

मंसिर लाग्यो । राजनीति पनि दिनानुदिन चिसिँदैछ । एकछिन दुई वर्ष अगाडिको मंसिर सम्झौं । यदि राजनीतिसँग नैतिकताको कुनै साइनो हुन्छ भने त्यो नैतिकता पनि लज्जित भएको समयबाट शुरु हुन्छ, २०७९ को मंसिर ।

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यका निम्ति सम्पन्न निर्वाचनमा मुख्यतः दुई किसिमका गठबन्धन बने । कांग्रेस नेतृत्वमा एमालेविरुद्ध बनेको गठबन्धनमा माओवादी केन्द्र, एकीकृत समाजवादी र जनमोर्चा सामेल भए । यो गठबन्धनविरुद्ध एमालेले राप्रपा, जसपादेखि परिवार दलसम्मलाई साथ लियो ।

यी गठबन्धनका चालढाल हेर्दा राजनीतिक नैतिकता भन्ने चिज मानौं एकदिन प्राकृतिक मानवको अवतारमा अवतरित भएछ भने सीधै आर्यघाटमा आत्मदहन गर्न आतुर हुनेछ । किनभने नैतिकताका नाममा स्वयं नैतिकता लज्जित छ । तीनखाले कम्युनिष्ट घटक कांग्रेस नेतृत्वको गठबन्धनमा सामेल हुने । साइनबोर्ड नै सही, एमाले कम्युनिष्ट घटकमा सबैभन्दा ठूलो नै हो । ऊ 'बाख्रीको कोखबाट स्याल' जन्माए जस्तो परिवार दलको अध्यक्षलाई एमालेका नाममा सांसद बनाउने । राप्रपा अध्यक्ष कमल थापालाई सूर्य चिह्न दिने । यसरी दुबैथरि गठबन्धनले लाजसमेत छोप्ने फुर्सद पाएनन् । यो शृङ्खला निर्वाचनमा मात्रै सीमित रहेन, त्यसपछि झन् जब्बर रुपमा प्रकट भयो । फलतः देशले चारथरि सरकारबाहेक केही पाएन । नेपाली कांग्रेस नेतृत्वको गठबन्धनबाट चुनावमा भाग लिएका प्रचण्डको प्रधानमन्त्री बन्ने आशक्ति शुरुमा कांग्रेसको तर्फबाट पूरा नहुँदा उनी साझेदारप्रति इमानदार भएनन् । प्रधानमन्त्री बन्न नै सुटुक्क बालकोट पुगे । एमालेलाई आफूविरुद्ध बनेको चुनावी गठबन्धन भत्काउनु थियो । यसर्थ ओलीकै डिजाइनमा प्रचण्ड नेतृत्वको सरकार बन्यो ।

माघको राष्ट्रपति निर्वाचन आसपासमा पुग्दा अर्थात् पुसदेखि नै गठबन्धन धर्मरायो । किनभने फेरि पनि प्रचण्डले नैतिक कदम चालेनन् । 'जौ खानु, जुँगा पनि निमोठ्नु' भने जस्तो गरे । नखानु, एमालेको साथमा प्रधानमन्त्री खाइसकेपछि ऊप्रति इमानदार हुनुपर्थ्यो, तर पुरानै चुनावी गठबन्धनतिर उनी लहसिए । एमालेलाई धोका भयो । माघमै एमाले सरकार समर्थन फिर्ता लिँदै सरकारबाट बाहिरियो ।

१९ महिनाका बीचमा एउटा संसदभित्र एउटै व्यक्ति तीनखाले गठबन्धनका साथ तीनैचोटि प्रधानमन्त्री हुन्छ । हाँडीगाउँमा तिथिपिच्छेका जात्रा हुन्छन् । उखान बनाई–बनाई त्यसलाई बदनाम गरिए पनि यी जात्रा निश्चित संस्कार र संस्कृतिमा आधारित छन् । हाम्रो संसदले बितेका दुई वर्षमा प्रदर्शन गरेको जात्रा यति लज्जापूर्ण हुन्छ भन्ने पहिल्यै थाहा पाएको भए हाँडीगाउँमा त्यत्राविधि जात्रा नै चल्दैनथे होलान् ।

प्रचण्डसँग उपलब्ध ३२ सीटको 'म्याजिक नम्बर' ले राष्ट्रिय राजनीतिलाई कुमालेको चक्र झैं घुमाइरह्यो, भाँडाको आकार चाहिँ बनेन ।

मंसिरमा प्रचण्ड नेतृत्वमा एमालेसहित बनेको सरकार माघ, फागुन चुनावी गठबन्धनका साझेदारसहितको बन्छ । अर्को वर्षको फागुनमा पुग्दा प्रचण्ड कांग्रेस 'खाएर' अघाउँछन्, एमाले 'चाख्न' पुग्छन् । स्वाद फेर्दाफेर्दै असारमा प्रचण्डकै स्वाद फेर्न देउवा–ओली तम्सिए, १९ महिने प्रचण्ड सत्ताको रजगज समाप्त भयो । देशले अहिले 'चौथो' प्रधानमन्त्रीका रुपमा केपी ओलीलाई व्यहोर्दैछ ।

मौजुदा संसदको यो दुई वर्ष केवल सरकार टिकाउन, साझेदारका स्वाद फेर्नमै बित्यो । काम के–के भए भनेर हिसाब निकाल्दा 'हात लाग्यो शून्य ।' अहिले पनि प्रचण्ड सरकारले ल्याएको नीति तथा कार्यक्रममा ओली सरकार चलिरहेको छ । त्यसैले काशी (भारत) जानुपर्ने सरकार कुती (चीन) तिर लागिरहेको छ । अब कुतीको बाटो हिँडेर काशी नपुगिने सत्य नेपाली राजनीतिको सतहमा छिट्टै प्रकट हुने देखिन्छ ।

यो संसदसँग २०७४ कै संसदले छोडेर गएका थुप्रै विधेयक अगाडि बढाउने जिम्मेवारी छ । संविधानअनुकूलका कतिपय कानून बनिसकेका छैनन् । बनेका कानूनका त्रुटि सच्याउने साझा प्रतिबद्धता छ, सच्याइएको छैन । २०७९ मंसिरमा नयाँ संसद गठन भएपछि संसद सचिवालयमा दर्ता गरिएका र सदनमा टेबुल गरिएका विधेयकमध्ये थुप्रैको स्थिति 'पेन्डिङ' मा छ । यसले न अघिल्लो संसदबाट स्वामित्व ग्रहण गरेर काम गर्न सकेको छ न त आफ्नै कार्यभार सम्पन्न गर्न यो संसद समर्थ छ ।

प्रहरी र निजामतीका संघीय ऐन आजसम्म आएनन् । सम्पत्ति शुद्धीकरणका मुद्दालाई प्राथमिकतामा राख्ने र त्यससम्बन्धी कामलाई गति दिन केही नेपाल ऐन संशोधन गर्ने प्रस्ताव संसद सचिवालयमै थन्किएको छ । सरकारलाई विचाराधीन विधेयकलाई अगाडि बढाएर ऐनका रुपमा सक्रिय बनाउने चासो छैन । संसद छलेर राजनीतिक दलसम्बन्धी अध्यादेश ल्याउन पाए केही राजनीतिक दललाई फुटाइहाल्न पाइने हतारो छ । भौतिक पूर्वाधारको क्षेत्र चौपट छ । कर्मचारी र ठेकेदारबीचको लेनदेन नमिल्दा प्रायः बहुवर्षे आयोजना अस्तव्यस्त छन् । असोजको बाढीपहिरोले अवरुद्ध सडक, पुल र अन्य भौतिक पूर्वाधारलाई पुनः सञ्चालन गर्ने तदारुकतामा कमी छ । निर्यात अभिवृद्धिका लक्ष्य कागजमा मात्रै सीमित छन् । बजार अर्थतन्त्र चौपट छ । भन्सार राजस्व संकलनमा लक्ष्य पूरा हुँदैनन् । आन्तरिकतर्फको राजस्वमा उस्तै गिरावट छ, तर म्यानपावरमार्फत कामदारलाई छिटोछिटो कोरिया पठाएर कमिसन असुलिहालौं भन्ने हतारोमा कमी छैन । मातपोत, नापीमा भीडभाड छैन । त्रिपुरेश्वरस्थित राहदानी विभागमा खुट्टा राख्ने ठाउँ छैन । श्रम कार्यालय ताहाचल पुग्दा बिचौलियाको तानातानमा नपर्ने कुनै सेवाग्राही भेटिँदैनन् । विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल खचाखच हुन्छ । बिदाईका आँसुको एउटै खोलो बनाउने हो भने अर्को बागमती र विष्णुमती बग्छन् ।

गृह मन्त्रालयले चलाउनुपर्ने राष्ट्रिय अनुसन्धान विभाग र अर्थ मन्त्रालयले चलाउनुपर्ने राजस्व अनुसन्धान विभाग प्रधानमन्त्री कार्यालयको मातहत छन् । त्यसलाई हेर्ने कुनै तालुकदार तोकिएका छैनन् । फलतः राज्यका दुई अति संवेदनशील निकाय अस्तव्यस्त छन् । देश पूरै अस्तव्यस्त छ भनौं भने राजनीतिक नियुक्ति, राजदूत सिफारिस र संवैधानिक अंगमा पदपूर्ति भइरहेका छन् । 'मालदार' पालिकामा कार्यकारी प्रमुख जाने घम्साघम्सी नै चल्छ, कम बजेट र न्यून स्रोत भएका थुप्रै स्थानीय तह कार्यकारीविहीन छन् । त्यसैले देशमा सरकार 'छैन' भनौं, भएकै देखिन्छ । 'छ' भनौं गर्नैपर्ने जरुरी कामतिर ध्यान छैन । आधाआधा वर्षमा तलमाथि भइरहने गठबन्धनले एउटापछि अर्को सरकार त बनाउँदैछ, तर नीतिगत क्षेत्रमा कामले माखो मारेन । नयाँ कानून बन्न सक्दैन । दीर्घकालीन र महत्वपूर्ण योजनाहरु सरकार बदलिएपिच्छे अलपत्र हुन्छन् । हुँदाहुँदा बाढीका कारण अवरुद्ध सडक र पुलको न विकल्प दिइन्छ न त पुनर्निर्माणमा तदारुकता देखाइन्छ ।

'धान', अर्थात् जनताको जीविकासँग सरोकार राख्ने नीतिगत तथा कार्यक्रमिक पक्षप्रति सरकारको रत्ति पनि आकर्षण छैन । तर, 'संविधान' लाई तलमाथि पारेर शासनको सुविधा बढाउने तिखो नजर लगाइएको छ । निर्वाचन प्रणालीमा सुधार चाहिएको छ, तर संविधानको संशोधन राजनीतिक दल विभाजन, संसद विघटनको अधिकार, मन्त्रिपरिषद् सदस्यको संख्या जस्ता तात्कालिक राजनीतिक स्वार्थसँग सरोकार राखेर त्यस्तो नजर चलाइएको छ । यद्यपि संसदको बनावटलाई हेर्दा कुनै निश्चित राजनीतिक दलको स्वार्थमुताविक संविधानको संशोधन सम्भव देखिँदैन ।

सारमा भन्नुपर्दा जसरी बितेका दुई वर्ष सरकारका लागि सरकार बने, मुलुक र जनताको हितका निम्ति ग्रहण गरिनुपर्ने जरुरी कार्यभारप्रति राजनीतिक नेतृत्व मौन वा किंकर्तव्यविमुढ रहँदै आयो, फेरि पनि यो संसदको बाँकी तीन वर्ष त्यसरी नै बित्ने देखिन्छ । नेपालप्रेस

# ‘जनतालाई महसुस हुने काम गर्नुपर्छ’



**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले बैठक, छलफल र प्रशासनिक अल्झनमा मात्रै नलागेर जनताले महसुस हुने गरी काम गर्न निर्देशन दिएका छन् ।
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मातहतका निकायको चालु आर्थिक वर्षको प्रथम चौमासिकको प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा सम्बन्धित निकायको प्रस्तुतिकरण सुनेपछि प्रधानमन्त्री ओलीले काम गर्ने व्यवहार र मानसिकतामा परिवर्तन गर्न निर्देश गरेका हुन् ।
प्रधानमन्त्री ओलीले देश विकास गर्ने प्रतिबद्धताका साथ लागेर स्वच्छ र पारदर्शीरुपमा काम गर्न आग्रह गर्दै सुशासन कायम, राजस्व चुहावट नियन्त्रण, गरिबी निवारण, मुलुकको छवि अन्तर्राष्ट्रियस्तरमा अभिवृद्धि र साधन स्रोतको उपयोग बढाउने गरी काम गर्न स्पष्ट निर्देशन दिए ।
‘भोलिदेखि नै परिवर्तन आउने गरी काम गर्नुस् । बैठकहरुको औचित्य सिद्ध गर्नुस् । अर्को बैठकमा आउँदा यो यो परिवर्तन भयो भन्ने लिएर आउनुस् । सुशासन र विकासमा कुनै कानुनले व्यवधान खडा गरेको छ भने सरकार छिटो बाटोबाट कानुनको संशोधन गर्न पनि तयार छ’, प्रधानमन्त्री ओलीले भने,‘हाम्रो सम्पूर्ण प्रयास उत्पादन वृद्धिमा हुनुपर्छ । हाम्रो स्रोत साधन जति छन्, तिनीहरुको वैज्ञानिक ढङ्गले उपयोग गर्नुपर्छ । सूचना र प्रविधिको प्रयोग गरी विकासको गतिलाई तीव्रता दिनुपर्छ ।’
बैठकमा प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, आर्थिक मामिला सल्लाहकार डा.युवराज खतिवडा, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारी, मुख्यसचिव एकनारायण अर्याल र सचिवहरु, मातहतका कार्यालयका प्रमुखहरुको उपस्थिति रहेको थियो ।रासस

# ‘माओवादीका पक्षमा जनलहर देखियो’



**गोरखा ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सङ्घीय लोकतान्त्रिक गणतन्त्रसहितका उपलब्धिको रक्षाका लागि गणतन्त्र पक्षधर सबै एक ठाउँमा उभिनुपर्ने धारणा व्यक्त गरेका छन् ।
माओवादी केन्द्र गोरखाले विहीबार जिल्ला पार्टी कार्यालय पाटेचौरमा आयोजना गरेको ‘पार्टीका अगुवा नेता तथा कार्यकर्ता प्रशिक्षण कार्यक्रम’मा अध्यक्ष दाहालले जनताको बलिदानीबाट प्राप्त गणतन्त्रको संरक्षण र सम्बद्र्धनमा जुट्न सबैसँग अनुरोध गरे ।
पछिल्लो समय गणतन्त्रलाई कमजोर पार्ने षड्यन्त्र भइरहेकाले त्यसतर्फ सचेत रहन समग्र पार्टी पङ्तिको ध्यानाकर्षण गर्दै उनले भने, ‘सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समानुपातिक प्रतिनिधित्वसहितको समावेशी शासन व्यवस्थालाई कमजोर पार्ने/उल्ट्याउने कोशिस भइरहेको छ, त्यसतर्फ सचेत र सजग हुन सबैसँग अनुरोध गर्दछु ।’
पहिलो संविधानसभाको निर्वाचनमार्फत जनताले दिएको विश्वास र भरोसाको रक्षा गर्न माओवादीले नसकेको स्वीकार गर्दै अध्यक्ष दाहालले राजनीतिक इतिहासको सुक्ष्म ढङगबाट समीक्षा गरी आमजनताको विश्वास जित्नेगरी काम गर्न पार्टी पङ्तिको ध्यानाकर्षण गरे । सरकारबाट बाहिरिएपछि माओवादीको पक्षमा जनलहर देखिएको उल्लेख गर्दै उनले मुलुकका सम्पूर्ण शोषित पीडित वर्ग समुदायसहित माओवादी विचारमा विश्वास गर्ने सबैलाई एकताबद्ध गरी पार्टीलाई २०६४ सालकै अवस्थामा पुऱ्याउने अठोटका साथ अघि बढेको पार्टी नेतृत्वलाई सफल बनाउन सबै नेता तथा कार्यकर्ता अझ सक्रिय हुनुपर्ने समय आएको बताए ।रासस

# ‘कांग्रेस–एमालेको सहमतिमा चीन भ्रमणको एजेन्डा तय हुन्छ’



**सुदूरपश्चिम ।**
गृहमन्त्री रमेश लेखकले प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन भ्रमणका क्रममा नेपाली कांग्रेस र नेकपा (एमाले) को साझा ‘एजेण्डा’ प्रस्तुत हुने बताएका छन् ।
नेपाल प्रेस युनियन, कैलालीले विहीबार धनगढीमा आयोजना गरेको पत्रकार सम्मेलनमा गृहमन्त्री लेखकले सत्ताघटक दुई ठूला राजनीतिक दलको तर्फबाट भ्रमणअघि तयार गरिने साझा एजेण्डा नै चीन भ्रमणमा प्रस्तुत हुने भएकाले बजारमा फैलाइएको हल्लाजस्तो कुनै पनि समस्या नभएको स्पष्ट गरे ।
मुलुकमा राजनीतिक स्थिरता, सुशासन र समृद्धिका पक्षमा यो सरकार गठन भएको उल्लेख गर्दै गृहमन्त्री लेखकले सत्ता साझेदार प्रमुख दुई दलबीच अहिले कुनै पनि विषयमा असमझदारी नभएको बताए । लोकतन्त्र र संविधानका विरुद्धमा हुने कुनै पनि गतिविधि सैह्य नहुने उल्लेख गर्दै उनले भने,‘प्रमुख दुई पार्टीबीच आपसमा कुनै समस्या सिर्जना नहोस् भनेर केन्द्रदेखि जिल्ला तहसम्म दुवैतर्फका प्रतिनिधि सम्मिलित संयुक्त संयन्त्र बनाइएको छ,अराजकता र अस्थिरताको अन्त्यसहित राजनीतिक स्थिरता, सुशासन र समृद्धिका पक्षमा अघि बढको सरकारलाई अब कसैले रोक्न सक्दैन ।’ रासस

# राष्ट्रपतिद्वारा भारतीय सेनाध्यक्षलाई मानार्थ महारथीको दर्ज्यानी चिन्ह

**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले भारतीय स्थल सेनाध्यक्ष उपेन्द्र द्विवेदीलाई मानार्थ महारथीको दर्ज्यानी चिन्ह तथा खड्ग प्रदान गरेका छन् ।
नेपाली सेनाका परमाधिपति समेत रहेका राष्ट्रपति पौडेलले विहीबार राष्ट्रपति भवन शीतल निवासमा आयोजित विशेष समारोहबीच उनलाई दर्ज्यानी चिन्ह प्रदान गरेका हुन् । प्रधान सेनापति अशोकराज सिग्देलको निमन्त्रणामा सेनाध्यक्ष द्विवेदी बुधबार नेपाल आएका हुन् ।
उपराष्ट्रपति रामसहायप्रसाद यादव,प्रधानमन्त्री केपी शर्मा ओली, रक्षामन्त्री मानवीर राईलगायत विशिष्ट महानुभावको उपस्थिति थियो । नेपाल–भारतबीचको सैनिक सम्बन्धको निरन्तरता स्वरुप सन् १९५० देखि दुवै देशले एक अर्काका प्रधान सेनापतिलाई मानार्थ महारथीको दर्जा प्रदान गर्ने परम्परा रहिआएको छ ।
यसअघि भारतका तत्कालीन राष्ट्रपति रामनाथ कोविंदले नेपालका तत्कालीन प्रधानसेनापति प्रभुराम शर्मालाई २०७८ कात्तिक २४ गते भारतीय स्थलसेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गरेका थिए ।
तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले २०७९ भदौ २० गते भारतीय स्थल सेनाध्यक्ष मनोज पाण्डेलाई नेपाली सेनाको मानार्थ महारथी पद प्रदान गरेका थिइन् । सन् १९५० मा भारतका सेनाध्यक्ष जनरल केएम परिअप्पालाई पहिलो पटक नेपाली सेनाको मानार्थ महारथी प्रदान गरिएको थियो भने २०२६ सालमा तत्कालीन प्रधानसेनापति सुरेन्द्रबहादुर शाहलाई पनि पहिलो पटक भारतीय सेनाको मानार्थ महारथीबाट सुशोभित गरिएको थियो ।



छिमेकी देशका सेनाबीचको यस्तो सम्मान परम्पराले सम्बन्धलाई सुमधुर तुल्याउन र सौहार्दता कायम राख्न महत्वपूर्ण कडीका रुपमा भूमिका खेल्ने विश्वास गरिएको छ ।रासस

# ‘प्रधानमन्त्रीको भ्रमणले सम्बन्ध मजबुत हुने’

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) र चिनियाँ कम्युनिष्ट पार्टीका नेताहरुबीच दुई पक्षीय भेटघाट भएको छ ।
चीनको राजधानी बेईजिङमा भएको भेटघाटमा नेताहरुले प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन भ्रमणबाट छिमेकी दुई देशबीच रहिआएको आपसी सम्बन्ध र सहकार्यलाई थप उचाईमा पु¥याउने विश्वास व्यक्त गरेको भ्रमण दलमा सहभागी एमाले प्रचार विभाग सदस्य दीपक ज्ञवालीले जानकारी दिए ।
एमालेका बरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले पार्टी अध्यक्ष एवं प्रधानमन्त्री ओलीको भ्रमणले दुई देशबीचको सम्बन्धलाई थप मजबुत र घनिष्ट बनाउने विश्वास व्यक्त गरे । उनले नेपाल र चीनबीच भएका पुराना सम्झौता कार्यान्वयनका क्रममा ठोस योजना तयार गरी अघि बढ्न र दुई देशबीचको ऐतिहासिक सम्बन्धलाई थप उचाईमा पुर्याउन प्रधानमन्त्री आलीको आसन्न चीन भ्रमण कोसेढुङ्गा सावित हुने धारणा व्यक्त गरे ।
चिनियाँ कम्युनिष्ट पार्टी विदेश विभाग प्रमुख लिउ जियन चाओले प्रधानमन्त्री ओलीको आसन्न चीन भ्रमणबाट चिनियाँ र नेपाली जनताले ठूलो अपेक्षा गरेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीलाई स्वागत गर्न चिनियाँ पक्ष आँतुर रेहेको बताए । उनले नेपाल र चीनबीच सदियौँदेखि रहिआएको ऐतिहासिक सम्बन्धलाई विकास र समृद्धिको दिशामा अधिकतम् सदुपयोग गर्नुपर्नेतर्पm दुवै देशको ध्यान जानुपर्नेमा जोड दिए ।
चिनियाँ कम्युनिष्ट पार्टीका विदेश विभागका उपमन्त्री सन हाईयानले असल छिमेकी देश नेपालको विकास र समृद्धिका पक्षमा सक्दो सहयोग गर्न चिनियाँ पक्ष तयार रहेको बताए । चिनियाँ कम्युनिष्ट पार्टीअन्तर्गत बिदेश बिभागको निमन्त्रणामा एमालेका बरिष्ठ उपाध्यक्ष पोखरेलको नेतृत्वमा १५ सदस्यीय प्रतिनिधि मण्डल अहिले चीन भ्रमणमा रहेको सदस्य ज्ञवालीले जानकारी दिए ।रासस

# बीआरआईबारे अनावश्यक विवाद गर्नुहुन्नः खनाल



**काठमाडौँ ।**
नेकपा (एकीकृत समाजवादी) का सम्मानित नेता तथा पूर्व प्रधानमन्त्री झलनाथ खनालले चिनियाँ सहयोग बीआरआईबारे अनावश्यक विवाद नगर्न र नेपालको राष्ट्रिय हितलाई सर्वोपरि राखेर अघि बढ्न आग्रह गरेका छन् ।
नेता खनालले प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन भ्रमणको पूर्व सन्ध्यामा बिहीबार विज्ञप्ती जारी गर्दै यस्तो भनेका हुन् ।
उनले बीआरआईको सवालमा नेपालका एकपछि अर्का सरकारहरु पश्चिमा शक्तिहरुको चीनविरोधी कुप्रचारको शिकार भएर बीआरआई सहयोगलाई ‘ऋण पासो’ का रुपमा व्याख्या गर्दै नेपाल र नेपालीको भाग्यमाथि खेलवाड गरिरहेको आरोप लगाएका छन् । उनले भनेका छन्,‘यसपटक प्रधानमंत्रीको चीन भ्रमण हुँदा यी पूर्वाग्रहहरुलाई तोड्दै बीआरआईलगायत नेपालको राष्ट्रिय हितअनुकुल हुने अन्य अनेकौं विषयमा सम्झौता होला भन्ने आशा जनताले गरेका छन ।’
उनले बीआरआई गर्ने कि नगर्ने भन्ने विषयमा नै सत्तारुढ दुई दलहरु एमाले र कांग्रेसबीच बहस भैरहनु र ठोस निणर्य गर्न नसक्नु मुलुककै निम्ति विडम्वना बन्न पुगेको टिप्पणी गरेका छन् ।
उनले भनेका छन्–‘चीनसंगको सहयोग र सम्बन्ध नेपालको विश्वसंगको सहयोग र सम्बन्धको अभिन्न अङ्ग हो । हरेक देशसंग हाम्रा सम्बन्धका विशिष्ट आयामहरु हुन्छन । अरु देश वा शक्तिले के भन्छन भनेर होइन हामीले हाम्रो देशको राष्ट्रिय हितलाई सर्वोपरि राखेर कुनै पनि देशसंगका सम्बन्धलाई र सहयोगलाई अघि बढाउन सक्नुपर्छ ।’

# बागमती सरकारद्वारा स्वास्थ्य नियमावली स्वीकृत

**मकवानपुर ।**
बागमती प्रदेशको विहीबार बसेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् बैठकले स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिसम्बन्धी नियमावली, २०८१ र प्रदेश स्वास्थ्य सेवा (दोस्रो संशोधन) नियमावली, २०८१ लाई स्वीकृत प्रदान गर्ने निर्णय गरेको छ ।
प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेका अनुसार यो बैठकले निजामति सेवाका राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहका अधिकृतलाई कामकाजमा खटाउने, परियोजना सम्झौता (प्रोजेक्ट एग्रिमेन्ट)मा राय/सहमति प्रदान गर्ने र राय/सहमतिमा हस्ताक्षर गर्न आधिकारिक प्रतिनिधि पठाउने निर्णय समेत गरेको छ ।रासस

# निर्धक्क भएर लगानी गर्नूस्ः मुख्यमन्त्री आचार्य

**बुटबल ।**
लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले रुपन्देहीको तिलोत्तमामा सुरु भएको दोस्रो व्यापार महोत्सवको उद्घाटन गरेका छन् ।
महोत्सवको उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले लुम्बिनी प्रदेशमा उद्योग तथा व्यापार व्यवसायको राम्रो सम्भावना भएकाले निर्धक्क भएर लगानी गर्न आग्रह गरे । पछिल्लो समय आर्थिक अवस्था सुधार हुन थालेको, उद्योग, व्यवसायको क्षेत्रमा सकारात्मक प्रभावहरु देखिन थालेको उल्लेख गर्दै मुख्यमन्त्री आचार्यले तीन तहका सरकारले लगानी मैत्री वातावरण बनाउने नीति अवलम्बन गरेकाले ढुक्क भएर लगानी गर्न उद्योगी, व्यवसायीहरुमा आग्रह गरेका हुन् ।
लुम्बिनी प्रदेशको विकास र समृद्धिको आधार उद्योग, व्यसाय, कृषि र पर्यटन भएकाले यी क्षेत्रमा लगानी जरुरी रहेको बताए । ‘राज्यले वातावरण बनाउछ, लगानीकर्ताहरुले निर्धक्क भएर लगानी गर्नुस्,’ उनले भने,‘सरकारले व्यवसायीहरुको संरक्षण र सम्बद्र्घन गर्छ, उद्योग, व्यवसाय, पर्यटन,कृषि, पूर्वाधार विकास हाम्रा प्राथमिकता हुन् ।’
एक अर्को प्रशंगमा मुख्यमन्त्री आचार्यले आफुले थालेका काम प्रति दृढ विश्वास नहुदा समाजमा केही विचलन देखिएको उल्लेख गरे । ‘अहिले आफूले गरेका कामप्रति विश्वास गर्न नसक्दा विचलन देखियो,’उनले भने, ‘पुर्खाहरुले गरेका व्यवसाय वैज्ञानिक थिए । तर, अहिले ती व्यवसाय छोड्दै जाँदा समस्याहरु आएका छन्। पुर्खाले गरेका व्यवसायलाई निरन्तरता दिन सक्नुपर्छ ।’
तिलोत्तमा लुम्बिनीको मात्रै नभइ देशकै उदाउँदो र नमुना शहरको रुपमा परिचित हुनु गौरवको विषय भएको उनको भनाइ छ । तिलोत्तमा व्यापार संघका अध्यक्ष नेत्रप्रसाद न्यौपानेले महोत्सवमा विभिन्न क्षेत्रका तीन सय स्टल रहेका बताए ।

# बढ्यो राजस्व सङ्कलन



**काठमाडौँ ।**
चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो चौमासिकको राजस्व सङ्कलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा करिब १७ प्रतिशतले वृद्धि भएको छ ।
अर्थ मन्त्रालय उच्च व्यवस्थापन समितिको विहीबारको बैठकमा प्रस्तुत गरिएको विवरण अनुसार गत वर्ष यही अवधिमा दुई खर्ब ७६ अर्ब रुपैयाँ राजस्व सङ्कलन भएको थियो । चालु आवको चार महिनामा तीन खर्ब २३ अर्ब २४ करोड रुपैयाँ राजस्व सङ्कलन भएको छ ।
सरकारले लक्ष्यअनुसार राजस्व उठाउन सकेको भने देखिदैँन । पछिल्लो पाँच वर्षको राजस्व परिचालनको तुलनात्मक अवस्थालाई हेर्दा आव २०७६÷७७ मा ११ खर्ब १२ अर्ब तीन करोड रुपैयाँ लक्ष्य रहेकोमा ७१ दशमलव ३८ प्रतिशत प्रगति भएको थियो ।
आव २०७७/७८ मा १० खर्ब ११ अर्ब ७६ करोड रुपैयाँ लक्ष्य रहेकामा ९२.५० प्रतिशत, आव २०७८/७९ मा ११ खर्ब ८० अर्ब ६० करोड रुपैयाँ राजस्व सङ्कलनको लक्ष्य रहेकामा ९०.२४ प्रतिशत, आव २०७९/८० मा १४ खर्ब तीन अर्ब १५ करोड रुपैयाँ राजस्व सङ्कलनको लक्ष्य रहेकामा ६८.२३ प्रतिशत र गत आव २०८०/८१ मा १४ खर्ब २२ अर्ब ५४ करोड रुपैयाँ राजस्व सङ्कलनको लक्ष्य रहेकामा ७४.५४ प्रगति भएको थियो ।
चालु आवको वार्षिक राजस्व सङ्कलनको लक्ष्य १४ खर्ब १९ अर्ब ३० करोड रुपैयाँ रहेको मन्त्रालयले जनाउको छ । यो लक्ष्य भनेको गत आवको यथार्थ असुलीको तुलनामा करिब ३४ प्रतिशतको वृद्धि हो ।
यसैमध्ये चालु आवको प्रथम चार महिना (साउन, भदौ, असोज र कात्तिक) मा रु चार खर्ब ६ अर्ब ३७ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकामा तीन खर्ब २३ अर्ब २४ करोड रुपैयाँ अर्थात् लक्ष्यको करिब ८० प्रतिशत राजस्व सङ्कलन भएको छ । यो गत वर्षको यसै अवधिको राजस्व सङ्कलनको तुलनामा १६.८५ प्रतिशत वृद्धि बढी हो ।
बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले राजस्व सङ्कलनको लक्ष्य प्राप्त गर्न स्रोत र खर्च व्यवस्थापन महत्वपूर्ण रहेको उल्लेख गर्दै करको दायरा विस्तार, बक्यौता असुली, कर प्रशासनको प्रभावकारिता, कर्मचारीको आचारण, अन्तरमन्त्रालय समन्वय, भन्सार विन्दुभन्दा बाहिरका गतिविधि, कर प्रशासनमा सिर्जना गर्न खोजिएका चुनौतीलगायत पक्षलाई ध्यान दिएर अघि बढ्न आवश्यक रहेको बताए । उनले कर सङ्कलन प्रणाली तोड्न (सिस्टम ब्रेक) खोज्नेलाई कानुन बमोजिम हदैसम्मको कारबाही गर्नसमेत निर्देशन दिए ।
अर्थ सचिव डा.रामप्रसाद घिमिरेले राजस्वको लक्ष्य पूरा गर्ने गरी मन्त्रालय अघि बढ्ने बताउँदै राजस्व सङ्कलन रणनीति कार्यान्वयनमा जोड दिए । उनले राजस्वको लक्ष्य प्राप्त गर्न सरोकार भएका सबैले थप मेहनतका साथ अघि बढ्नुपर्ने आवश्यकता औँल्याए ।
अर्थ मन्त्रालयमा प्रवक्ता महेश भट्टराईले विगतको तुलनामा राजस्व सङ्कलन वृद्धि भए पनि चालु आवको लक्ष्य पूरा गर्न कर प्रशासनसँग सम्बन्धित सबै पक्षबीच समन्वय तथा सहयोग जरुरी रहेको जनाउँदै त्यसलाई मन्त्रालयले प्राथमिकता दिएर काम गरिरहेको बताए ।
भन्सार विभागका महानिर्देशक हरिशरण पुडासैनी र आन्तरिक राजस्व विभागका महानिर्देशक रामप्रसाद आचार्यले राजस्व सङ्कलनका क्षेत्रमा देखा परेका अवसर र कमजोरीलाई ख्याल गर्दै राजस्व सङ्कलनको लक्ष्य पूरा गर्न आफूहरूले सक्दो पहल गरिरहेको बताएका थिए ।रासस

# विश्वविजेता किक बक्सर 'हिमचितुवा' अभिनन्दित



**काठमाडौँ ।**
किक बक्सिङ खेल क्षेत्रमा ऐतिहासिक कीर्तिमान बनाउन सफल हुनुभएका नेपाली युवा किक बक्सर अविरल घिमिरे'हिमचितुवा'लाई अभिनन्दन गरिएको छ । चन्द्रागिरि नगरपालिकाद्वारा विहीबार आयोजित कार्यक्रममा इस्का र हिट किक बक्सिङ दुवै प्रतियोगिताको विश्वविजेता खेलाडी घिमिरे आज नगरपरिक्रमा गराइ अभिनन्दित भएका हुन् ।
नगरपालिकाले
कलंङ्की(खड्कुलेपुल)देखि
धिमे,पञ्चेबाजा सहित विश्वविजेता खेलाडी घिमिरेलाई गाडीमा राखेर नगरपरिक्रमा गराएको थियो । चन्द्रागिरि नगरपालिकाका प्रमुख घनश्याम गिरी, प्रशासकीय अधिकृत हेमराज अर्याल,उपप्रमुख बसन्ती श्रेष्ठ, प्रवक्ता कृष्णप्रसाद खड्गीले बक्सर घिमिरेलाई अभिनन्दन गरेका थिए ।
जापानको नागोया सहरमा बस्दै आएका बक्सर घिमिरे विहीबार अपरान्ह स्वदेश आएका थिए । उनलाई त्रिभूवन अन्तराष्ट्रिय विमानस्थलमा पूर्वमन्त्री कृष्णगोपाल श्रेष्ठ, मदनभण्डारी स्पोर्टस् एकेडेमीका अध्यक्ष विनोद श्रेष्ठ, बागमती प्रदेशसभा सदस्य रमा आले, चन्द्रागिरि नगरपालिकाका प्रवक्ता खड्गी,काठमाडौ जिल्ला खेलकूद परिषद्का अध्यक्ष भाइकृष्ण बलामी लगायत खेलाडीले स्वागत गरेका थिए ।
बक्सर घिमिरेले सञ्चारकर्मीसंग सङ्क्षिप्त कुराकानी गर्दै इस्का र हिट किक बक्सिङ दुवै प्रतियोगिताको विश्वविजेता बन्न पाउनु नेपालका लागि गौरवको विषय रहेको बताए । उनले भने,'अगामी दिनमा आफ्नो मेहनत जारी रहन्छ ।नेपालको झण्डा लिएर गेम खेलेर नेपालको नाम अझ उँचो बनाउने छु ।'
'हिमालय चितुवा' घिमिरेले इन्टरनेसनल स्पोर्टस् किक बक्सिङ एसोसिएसनद्वारा नागोया कंग्रेस सेन्टरमा गत कात्तिक १० गते आयोजित 'इन्टरनेसनल किक बक्सिङ' (इस्का) प्रतियोगिताको उपाधि चुमेर विश्वविजेता बनेका थिए । प्रतियोगितामा उनले फ्रान्सका कडा प्रतिद्वन्द्वी एन्टोनिन मार्कोेनीलाई ढाल्दै 'वल्ड च्याम्पियन' हुन सफल भएका थिए ।
यसका लागि बक्सर घिमिरेले आफ्नै खर्चमा थाइल्यान्डको फुकेट सहरमा रहेको टाइगर मोओथाई अन्तर्राष्ट्रिय क्लबमा दुई महिनाको विशेष बन्द प्रशिक्षण लिएका थिए । यो प्रशिक्षण लिने उनी पहिलो नेपाली बक्सरसमेत हुन् ।
इस्काको उपाधि चुमेपछि बक्सर घिमिरेले आफ्नो जितका लागि पिता तथा मुख्य प्रशिक्षक देव घिमिरे, आफूले प्रशिक्षण लिइरहेको सिमुरा डोजो, हलसम्म आएर हौसल प्रदान गर्ने नेपाली, कोरियन तथा जापानी खेलप्रेमीलाई विशेष धन्यवाद दिएका थिए ।
'हिमालय चितुवा' का रूपमा विश्वप्रसिद्ध भएका घिमिरे प्रतियोगितामा आमनेसामने हुने पहिलो नेपाली बक्सर भएका थिए । प्रतियोगिताको मुख्य आकर्षणका रूपमा रहेको अन्तिम खेल (मेन इभेन्ट म्याच) मा घिमिरेले पहिलो राउन्डमै आफ्ना प्रतिस्पर्धी मार्कोेनीलाई रिङमा ढालेर 'इन्टरनेसनल किक बक्सिङ'को उपाधि चुमेका थिए ।
हालसम्म प्रोफेसनल किक बक्सिङ हिट प्रतियोगिताको १४ खेलको अपराजित यात्राको जित हासिल गर्ने क्रममा हिमचितुवाले चारपटक हिट प्रतियोगिताको 'टाइटल म्याच'को उपाधि (बेल्ट) समेत रक्षा गर्दै 'मिडल वेटको रेकर्ड' समेत कायम राख्न सफल भएका थिए ।
उनले विश्वप्रसिद्ध के वान प्रोफेसनल किक बक्सिङ प्रतियोगितामा खेल्दै दुईवटा इभेन्ट आफ्नो पक्षमा पारी प्रतिस्पर्धीलाई 'नक आउट' गर्न सफल भएका थिए ।
हालसम्म फ्रान्स,जापान, दक्षिण कोरिया, ब्राजिल, बोलिभिया, नेदरल्यान्ड, थाइल्यान्डलगायत देशका बक्सरहरूलाई पराजित गरिसकेका युवा पुस्ताका चर्चित खेलाडी घिमिरेले अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाली झण्डा फहराउँदै विश्वमा नेपालको पहिचान बनाउन सफल भएका हुन् ।
जापानको नागोया सहरमा अविरल आफ्ना पिता पूर्वअन्तर्राष्ट्रिय किक बक्सर तथा फुल कन्ट्याक कराते खेलाडी देव घिमिरेको विशेष प्रशिक्षणमा रहँदै आएका छन् । कराते खेलाडी देव सन् २००४ मा कोरियाको सोलमा सम्पन्न 'के वान प्राफेसलन किक बक्सिङ प्रतियोगिता' मा सहभागी हुने पहिलो दक्षिण एसियाली खेलाडी हुन् । चन्द्रागिरि नगरपालिका–१२ गुर्जुधारा बलम्बूका बासिन्दा उनको परिवार हाल जापानको नागोया सहरमा बसोबास गर्दै आइरहेको छ ।रासस

# हवाईभाडा अनुगमन कार्यदल गठन

**काठमाडौँ ।**
अन्तर्राष्ट्रिय हवाई उडानमा देखिएको कृत्रिम अभावबारे अध्ययन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले कार्यदल गठन गरेको छ । मन्त्रालयका सहसचिव इन्दु घिमिरेको संयोजकत्वमा कार्यदल गठन गरिएको हो ।
कार्यदलमा गृह मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय,नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रतिनिधि सदस्य रहेका छन् । मन्त्रालयका सहसचिव एवं प्रवक्ता रामकृष्ण लामिछानेका




अनुसार यथाशीघ्र प्रतिवेदन बुझाउनेगरी गठित कार्यदलले यात्रुले खरिद गरेको हवाई टिकट र एयरलाइन्सले बिक्री गरिरहेको टिकट र कालोबजारी अध्ययन तथा अनुगमन गरी सुझाव दिनेछ । उक्त सुझावका आधारमा मन्त्रालयले आवश्यक निर्णय लिने उनले उल्लेख गरे ।
हवाईभाडा वृद्धिबारे गुनासो बढेपछि पर्यटनमन्त्री बद्रीप्रसाद पाण्डेले बुधबार अन्तर्राष्ट्रिय उडान गर्ने हवाई कम्पनीलाई २४ घण्टाभित्र हवाई भाडादर उपलब्ध गराउन निर्देशन दिएका थिए । यो निर्देशन बमोजिम विहीबार अन्तर्राष्ट्रिय उडान गर्ने ११ हवाई कम्पनीले बिक्री गरेका टिकटको मूल्य, टिकटको उपलब्धता र यात्रुको विवरण बुझाएको मन्त्रालयले जनाएको छ ।रासस

# सुकुटेमा राष्ट्रियस्तरको 'बिच' भलिबल प्रतियोगिताको हुने

**सिन्धुपाल्चोक ।**
सिन्धुपाल्चोकको पर्यटकीय क्षेत्र सुकुटेमा आगामी माघ १ देखि ५ गतेसम्म राष्ट्रियस्तरको 'बिच' भलिबल प्रतियोगिता हुने भएको छ ।
प्रतियोगिताका संयोजक एवं सुकुटे बिचका सञ्चालक महेन्द्रसिंह थापाका अनुसार प्रतियोगितामा पुरुष र महिलातर्फ फरक–फरक खेल हुनेछ । सातवटै प्रदेश र थप तीन विभागीय टोली गरी १० टोलीले सहभागिता जनाउने अपेक्षा गरिएको रहेको संयोजक थापाले जानकारी दिए ।
प्रतियोगिताका लागि स्थानीय सरकार, बागमती प्रदेश सरकार, राष्ट्रिय खेलकुद परिषद्, खेलकुद मन्त्रालयलगायत सबै सम्बन्धित निकायसँग समन्वय गरिएको उनले जानकारी दिए ।
आयोजकले सम्पूर्ण खेलप्रेमीलाई सो अवधिमा सुकुटे करिडोरमा आमन्त्रण गरेको छ ।सुकुटे करिडोरमा पर्यटन प्रवद्र्धनका लागि यो प्रतियोगिताले थप योगदान दिने अपेक्षा गरिएको चौतारा साँगाचोकगढी नगरपालिकाका प्रमुख कृष्णप्रसाद सापकोटा बताउँछन् ।रासस

# नेपाल एयरलाइन्सको छुट




**काठमाडौँ ।**
राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले अन्तर्राष्ट्रिय गन्तव्यको हवाई भाडादरमा छुट दिएको छ ।
निगमका प्रवक्ता रमेश पौडेलका अनुसार न्यूनतम दुई हजार पाँचसय रुपैयाँदेखि अधिकतम ५ हजार रुपैयाँसम्म छुट दिइनेछ । काठमाडौँबाट भारतको नयाँदिल्ली, मुम्बई र बैंलोर सेक्टरका लागि बजार भाडादरमा दुई हजार पाँच सय रुपैयाँसम्म छुट दिइनेछ भने कतारको दोहा युनाइटेड अरब इमिरेट्स (यूएई)को दुबई, साउदी अरेबियाको दमाम, मलेसियाको क्वालालम्पुर, हङकङ, थाइल्यान्डको बैंकक र जापानको नारिता उडानमा पाँच हजारसम्म दिइएको निगमद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।
हवाईभाडादर घटाउन संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयको विशेष निर्देशन बमोजिम राष्ट्रिय दायित्व निर्बाह गर्दै अन्तर्राष्ट्रिय गन्तव्यहरुको भाडादरमा छुट दिन थालिएको निगमले जनाएको छ ।
हवाईभाडा वृद्धिबारे गुनासो बढेपछि पर्यटनमन्त्री बद्रीप्रसाद पाण्डेले अन्तर्राष्ट्रिय उडान गर्ने हवाई कम्पनीलाई २४ घण्टाभित्र हवाई भाडादर उपलब्ध गराउन निर्देशन दिएका थिए । यसअघि हवाई सेवा कम्पनीहरुले नियामक निकायसँगको छलफलमा हवाईभाडा नियन्त्रणका लागि पाँच बुँदे सहमति गरिएको भएपनि त्यसको कार्यान्वयन नगरेको भन्दै पर्यटनमन्त्रीले एयरलाइन्सहरुले नागरिकको मर्का बुझिदिन अनुरोध गरेका थिए ।
निगमका अनुसार संस्थागत सामाजिक
उत्तरदायित्वअन्तर्गत यही नोभेम्बर १ देखि २२ सम्म डाक्टरको रिपोर्ट र नेपाल क्यान्सर रिलिफ सोसाइटीको सिफारिसमा दिल्लीको दुईतर्फी उडानमा ३७ जना क्यान्सर रोगीलाई शतप्रतिशत र ती बिरामीका ३३ कुरुवालाई ५० प्रतिशत छुटमा टिकट उपलब्ध गराइएको छ ।रासस

# पाकिस्तानमा साम्प्रदायिक झडप

**पाकिस्तान ।**
पाकिस्तानको उत्तरपश्चिम क्षेत्रमा भएका दुई आक्रमणमा परी कम्तीमा ३२ जनाको मृत्यु भएको छ । मत्यु हुनेमा अधिकांश महिला तथा बालबालिका रहेको अधिकारीहरूले बिहीबार बताएका छन् ।
शिया समुदायका दुई अलग–अलग समूहलाई कुर्रम जिल्लामा आतंककारीहरूले निशाना बनाएका प्रहरीले बताएको छ ।
'दुवै घटनामा गरी महिला र बालबालिकासहित कम्तीमा ३२ जनाको मृत्यु भएको छ भने अन्य १३ जना घाइते भएका छन्,'स्थानीय प्रशासनका वरिष्ठ अधिकारी जावेदउल्लाह महसुदले एएफपीसँग बताए ।
उनले भने,'प्रारम्भिक रिपोर्टअनुसार मृतक छ जना महिला, केही बालबालिका र प्रहरी अधिकारी रहेको पुष्टि भएको छ । दुवै घटनामा करिब १० जना आक्रमणकारीको संलग्नता रहेको र सडकको दुवैतिरबाट अन्धाधुन्ध गोली चलाएको बताइएको छ ।
नाम नबताउने शर्तमा एक प्रहरी अधिकारीले भने,'दुवै समूहमा करिब ४० वटा गाडी थिए जुन प्रहरीको सुरक्षामा यात्रा गरिरहेका थिए ।
महसूदले भने, 'महिला र बालबालिकाले स्थानीय घरमा शरण लिएका थिए र हामी अहिले त्यस क्षेत्रमा (आक्रमणकारी) को खोजी गरिरहेका छौं ।'
'प्रारम्भिक रिपोर्टमा यस क्षेत्रलाई महिनौंदेखि पिरोलेका साम्प्रदायिक मुद्दा होर पीडितमध्ये अधिकांश शिया समुदायका व्यक्तिहरू रहेका छन्,' उनले यसअघि जारी गरेको वक्तव्यमा भनेका थिए ।
सुन्नी र शिया मुस्लिम जनजातिहरू उत्तर पश्चिमी खैबर पख्तुनख्वा प्रान्तको कुर्रममा केही महिनादेखि लगातार लडिरहेका छन् । पाकिस्तानमा हुने सामुदायिक झडपमा परी वर्षेनी सयौँ व्यक्तिले अकालमा ज्यान गुमाउने गरेका छन् ।
गत अक्टोबरमा भएको झडपमा तीन महिला र दुई बालबालिकासहित कम्तीमा १६ जनाको मृत्यु भएको थियो ।

# तलब समायोजनसम्बन्धी पुनरावलोकन अनुमति

**काठमाडौँ ।**
सर्वोच्च अदालतमा राष्ट्र सेवकको तलब समायोजनसम्बन्धी पुन सुनुवाइ हुने भएको छ । प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, न्यायाधीशहरु कुमार चुडाल र नित्यानन्द पाण्डेको पूर्ण इजलासले विहीबार उक्त विषयमा पुनरावलोकनको अनुमति प्रदान गरेपछि कर्मचारी समायोजनको विषयमा पुनः सुनुवाइ हुने भएको हो ।
सहन्यायाधिवक्ता गोविन्द खनालसमेत उक्त विषयमा पुनरावलोकनको अनुमतिको माग गर्नुभएको थियो । इजलासले उक्त विषयमा सुनुवाइपछि पुनरावलोकन अनुमति दिएको हो ।
'यसमा राष्ट्र सेवकको तलब समायोजन गर्दा त्यस्ता राष्ट्र सेवकहरूको सङ्ख्या के कति हुने ? के कति रकम आवश्यक पर्ने ? राजस्वको स्थिति के कति छ ? तलब समायोजनको अवस्थामा राज्यलाई के कति थप व्ययभार पर्ने ?', आदेशमा भनिएको छ ।
आदेशमा विषयको विश्लेषण गरी कार्यकारी निकायबाट नीतिगत रुपमा हुनुपर्ने निर्णयसम्बन्धी विषयमा यस अदालतको संयुक्त इजलासबाट गत असार १० गते भएको आदेश ने.का.प. २०६७ नि.नं. ८३९० मा प्रतिपादित सिद्धान्त समेतको प्रतिकूल देखिंदा न्याय प्रशासन ऐन, २०७३ को दफा ११ को उपदफा (२) को खण्ड (ख) बमोजिम पुनरावलोकनको अनुमति प्रदान गरिएको छ उल्लेख छ ।रासस

# बचतकर्ताको रकम फिर्ता गराएर सहकारीलाई लयमा फर्काउनेछौँः मन्त्री

*देशमा भूमिसम्बन्धी काम २०३५÷३६ सालदेखि नै शुरुआत भए पनि अनेक समस्याहरु यथावत देखिन्छन् । केही वर्षअघि मुलुकको भूउपयोग नीति लागू भए पनि त्यसको सही किसिमले कार्यान्वयन नहुँदा भूमिको उपयोगमा अझै विभिन्न समस्याहरु रहेका छन् । खेतीयोग्य जमिन मानव वस्तीमा रुपान्तरण भइरहेको, कृषि पेशाप्रतिको आकर्षण कमी हुँदै जाँदा मुलुकभर जग्गा बाँझिदै गइरहेको अवस्था छ । मुलुकले अवलम्बन गरेको तीनखम्बे अर्थनीतिअन्तर्गतको एक सहकारी क्षेत्रलाई पछिल्लो समय बदनाम गराउने काम भएको छ । यस क्षेत्रलाई व्यवस्थित, जवाफदेही, जनमुखी र विश्वसनीय बनाउन जरुी देखिन्छ । अझै झण्डै २० प्रतिशत जनता गरिबीको रेखामुनि रहेका छन् । यस परिप्रेक्षमा यस् सबै क्षेत्रहरु समेटिएको भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको भूमिका महत्वपूर्ण रहेको छ । प्रस्तुत छ, यिनै विषयहरुमा केन्द्रित रहेर भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारणमन्त्री बलराम अधिकारीसँग राससका सम्बाददाता कालिका खड्काले गरेको कुराकानीः*



**तपाइँले भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको जिम्मेवारी सम्हालेको चार महिना पूरा भयो । मुलुक र आमजनताको पक्षमा के कस्ता नीति तथा कार्यक्रम लागु गर्दै हुनुहुन्छ ?**
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले परिवर्तनको अनुभूति गर्ने तरिकाले काम गरिरहेका छौँ । भूमिसम्बन्धी धेरै जटिल समस्याहरु छन् । भूउपयोग नीति सही किसिमले कार्यान्वयन नभएको हुनाले जग्गाको वर्गीकरण राम्रोसँग हुन सकेको छैन । जग्गाको वर्गीकरण गर्नुपर्छ भनेर सरकारले स्थानीय पालिकाहरुलाई जग्गाको वर्गीकरण गर्ने जिम्मेवारी दिएको छ । भूउपयोग नीतिका विषयमा एउटा समिति पनि बनेको छ । भूमि र नापीसम्बन्धी धेरै ऐनहरु छन् । यस विषयमा नयाँ ऐन ल्याउनुपर्छ भन्ने पनि कुरा उठिरहेको छ । कतिपय भूमिमा पुस्तौंदेखि बसेका मानिसहरुले जग्गाधनी प्रमाण पूर्जा पाइरहेका छैरनन् । वर्षदेखि बस्दै, काम गर्दै उपयोग गर्दै आएको तर पूर्जा छैन भनिरहनु भएको छ । भूमिहीन, दलितलाई जमिन दिने कुरा नारामा आयो तर व्यवहारमा आएन भन्ने कुरा छ । त्यो विषयमा भूमि समस्या समाधान आयोग बनाएर सबै समस्या समाधान गर्नुपर्छ । सुकुम्बासी वा अन्य विभिन्न नाममा जग्गा बाड्ने काम बन्द गर्नुपर्छ । केन्द्रीय आयोग बनेको छ । यही मङ्सिर महिनाभित्र जिल्लामा पनि कार्यालय सञ्चालन गर्ने तयारी छ । सुकुम्बासीहरु बसेको स्थानमा केही समस्या छ भने पनि त्यसको पनि अध्ययन गरेर समस्याको समाधान गर्ने तयारी भइरहेको छ । कानुनका कारणले काममा समस्या भएमा ऐन संशोधन गरेर भए पनि समाधान निकाल्नेछौँ । सरकारले तयार गरेको प्राथमिकताकै आधारमा नीति तथा कार्यक्रममा बनाइएको छ । बजेट बनाउँदा भूमि समस्या समाधान गर्ने आयोग बनाउने विषयमा कुरा भएको थियो । त्यही अनुसार बजेट तयार गरेको छ ।

**भूमि समस्या समाधान आयोग गठन गर्नुको औचित्य के हो ? यसबाट के अपेक्षा गर्न सकिन्छ ?**
भूमिसम्बन्धी काम २०३५÷३६ सालदेखि नै शुरुआत भएको हो । भूमिसम्बन्धी विभिन्न निकायले काम गरेको छ । त्यसलाई पनि एकीकृत गर्नुपर्छ भन्ने लागेको छ । त्यसबारेमा छलफल भइरहेको छ । २०५१÷५२ मा बनेको आयोगले ५०÷६० हजार जग्गा दिएर लालपूर्जा भूमिहीनलाई दिने काम भएको थियो । त्यसयता काम थाल्ने तर पूर्णता नहुने अवस्था देखिएको छ । यस आर्थिक वर्षमा पनि भूमिहीनलाई एक लाख लालपूर्जा दिने तयारी थियो । तर आयोगलाई मुद्दा परेको छ । आयोग बनाउनै समय लागेको छ । यो आयोगको समय तीन वर्ष रहेको छ । कुनै अवरोध नभएमा त्यो अवधिमा लक्ष्यअनुसार काम गर्न सकिन्छ । यसमा भएका कतिपय अनियमितताको त्यसको यथार्थ अध्ययन गरिन्छ र सँगसँगै आयोगले काम पनि गर्दै जान्छ ।

**सरकारको मौजुदा भूउपयोग नीति तथा कार्यक्रम के कस्तो छ ? भूमि व्यवस्थापनका क्षेत्रमा देखिएका समस्या सम्बोधनका पक्षमा मन्त्रालय के गर्दैछ ?**
विगतमा एक÷दुईजना विदेश जाँदा बाबुआमाले पनि प्रोत्साहन गर्ने गरेको देखियो । अहिले श्रम नगर्ने खालको बानी पनि देखिएको छ । आफ्नो गाउँ आफैँ बनाउनुपर्छ भनेर युवालाई बुझाउन जरुरी छ । सरकारले अहिले बाँझो खेतबारीलाई लिजअन्तगर्त दिनसक्ने व्यवस्था गरेको छ । नेपालमा पाँच÷सात घण्टा पनि नखट्ने नेपाली विदेशमा गएर १८ घण्टा खट्नुपर्ने अवस्था छ । विदेशमा गएर नेपाल फर्केर आएका व्यक्तिले त्यहा सिकेको सीपअनुसार नेपालमा व्यवसाय गरेको पनि देखिएको छ । कहाँ कुन किसिमको व्यवसाय गर्दा ठीक हुन्छ भनेर अध्ययन गर्न जरुरी छ । त्यही अनुसार पेसा व्यवसाय पनि गर्नुपर्ने हुन्छ । सबै कोणबाट छलफल गरेर नेपालमा उद्योग कलकारखाना खोल्ने, रोजगारीका राम्रा अवसरहरु के–के दिन सकिन्छ भनेर खोज्नुपर्ने बेला आएको छ । त्यसका लागि सबै निकायको सहयोग जरुरी छ ।

**भूमिमाथिको द्वैध स्वामित्वसम्बन्धी समस्या के कस्ता छन् । कानुनी व्यवधानका कारण आफ्नो नाममा जग्गा नहुने नेपाली प्रसस्तै भेटिन्छन्, यसलाई सम्बोधन गर्ने सन्दर्भमा केही प्रयास भएका छन् कि ?**
सरकारले नदी किनारलाई मापदण्ड बनाएको अवस्था छ । सबै नदीको एउटै मापदण्ड हुँदैन । नीति नियम मिचेर नदी किनारदेखि सरकारले प्रतिबन्ध लगाएको स्थानमा बस्ने गरेको देखिन्छ । प्रकृतिले कहाँनेर विपद् सिर्जना गर्छ भन्ने थाहा हुँदैन । प्राकृतिक स्रोत मूल्य मान्यतालाई पनि आधारमा बस्ती बसाउने गर्नुपर्छ । कतिपयले आफ्नो सम्पति भए पनि सुकुम्बासी भएर बस्ने गरेका पनि छन् । सरकारले कस्को नाममा कहाँ जग्गा छ त्यो अध्ययन गर्न जरुरी छ । वास्तविक सुकुम्बासी हो कि होइन भनेर हेर्न प्रणालीको विकास गर्नु जरुरी छ । वास्तविक सुकुम्बासीलाई बस्ने व्यवस्था मिलाउने काम सरकारले गर्छ ।

**हाम्रो धर्म संस्कृक्ति, परम्परा र ऐतिहासिक सम्पादासँग प्रत्यक्ष जोडिएको गुठी संस्थानसँग सम्बन्धित गुठी विधेयक कहिलेसम्म ल्याउँदै हुनुहुन्छ ?**
गुठी विभिन्न जिल्ला, गाउँ, ठाउँअनुसार रीतिरिवाजअनुसारको विधि बनाएको छ । ती सबैको एकीकृत गर्नुपर्ने अवस्था छ । निजी, राजगुठीलगायत धेरै छन् । काठमाडौँ उपत्यका र बाहिर फरक खालका समस्या छन् । सबैलाई एकीकृत गर्न ऐन ल्याउने विषयमा छलफल भइरहेको छ । फरक संस्कृतिलाई कार्यविधि बनाएर काम गर्ने भन्ने छ । गुठी संस्थानको दायरा विस्तार गर्नुपर्ने जरुरी छ । गुठीको जग्गाको रेकड राख्ने गर्नुपर्छ । कतिपय स्थापनमा गुठी भनेको छ तर कति हो भन्ने पत्ता छैन । यी सबै कुराको तथ्याङ्क राख्नुपर्ने जरुरी छ । छिटै ल्याउने गरी यो ऐन बनाउने विषयमा छलफल भइरहेको छ ।

**भूमि व्यवस्था मन्त्रालयअन्तर्गतका मालपोत तथा नापी कार्यालयको कामकाजप्रति जनगुनामो अझै सुनिन्छ । सुशासनसहित त्यसको व्यवस्थापनका पक्षमा के कस्ता कामहरु भइरहेका छन् ?**
कार्यालयमा कर्मचारीले काम गर्ने जिम्मेवारी वहन अलि प्रभावकारी हुनुपर्ने जरुरी छ । कर्मचारी भनेको स्थानमा नजाने, दुर्गम ठाउँमा कर्मचारी जानै नमान्ने अवस्था छ । दरबन्दीअनुसार खटाउने भन्ने छ । काठमाडौँमा उपत्यकामा दरबन्दी नभएको स्थापनमा पनि कर्मचारी खटाउने अवस्था छ । दुई वर्षमा कर्मचारी सुरुवा हुने व्यवस्था छ तर कर्मचारीलाई मन लाग्यो भने आफैँ पनि सरुवा मागेर जाने गरेका छन् । राष्ट्रसेवक कर्मचारीले राष्ट्रको हित हुने गरी काम गर्नुपर्छ भन्ने सोचका साथ काम गरेमा यो समस्या देखा पर्दैन ।

**मुलुकले अवलम्बन गरेको तीनखम्बे अर्थनीतिअन्तर्गतको एक ‘सहकारी’ क्षेत्र बदनाम भएको विद्यमान अवस्थामा सहकारीप्रति आमजनताको विश्वास जगाउन, यस क्षेत्रलाई व्यवस्थित, जवाफदेही, जनमुखी र विश्वसनीय बनाउन के गर्दै हुनुहुन्छ ?**
केही सहकारी र तिनका सञ्चालकहरुको बदमासीका कारण अहिले सहकारी ठीक छैन भन्ने भ्रमा सिर्जना गर्न खोजिएको छ, त्यसलाई अन्त्य नै गर्नुपर्छ । मुलुकको तीनखम्बे अर्थनीतिअन्तर्गतको एक सहकारी क्षेत्र हो भनेर सरकारले भनेको छ । सहकारी भनेको निम्न आय भएका व्यक्तिहरुले थोरै थोरै बचत गर्ने ठाउँ हो । सहकारीको उद्देश्य नै समूह बनाएर काम गर्ने हो । देशभरमा ३१ हजार चार सय सहकारी छन् । तिनीहरु सङ्घमा एक सय ४५, प्रदेशमा तीन हजार र बाँकी स्थानीय तहमा दर्ता भएको छन् । सङ्घ, प्रदेश र स्थानीय तहमा भएका एक÷डेढ सयले खराब गरेका होलान् तर सबैलाई त्यही रुपमा हेर्नु हुँदैन । राम्रो काम गरेका उदाहारण पनि धेरै छन् ।
सहकारी ऐन बनाउँदा आवश्यक पर्ने कुराहरु छुटेको जस्तो लागेको छ । ऐनमा प्रभावकारी नियन्त्रण र नियमन कमजोरी देखिएको छ । सरकारी ऐन बनाउँदा सूचना केन्द्रलाई अगाडि बढाउने, कोष खडा गर्ने र कर्जा असुल न्यायाधिकरण र नियमन निकाय बनाउन जरुरी छ । संसदीय समितिको प्रतिवेदन आएपछि त्यहीअनुसार कार्यान्वयन गर्ने चरणमा दोहोरो परेको छ । छलफल र अध्ययन भइरहेको छ । सहकारी ऐन संशोधन गरेर नियमन निकाय बनाउने तयारी भइरहेको छ । कतिले नवीकरण नै नगरी चलाइरहेका पनि छन् भन्ने आएको छ । छानबिन गरेर कति सहकारीको अवस्था कस्तो ? कति जरुरी छ, कति छैन हेर्नुपर्ने भएको छ । केन्द्रले समस्याग्रस्त घोषणा गरेका २२ वटा सहकारीमध्ये तीनवटाको समस्या समाधान भइसकेको छ ।

सहकारी समस्या समाधान समिति बनाएर नै काम गरिरहेको छ । बाँकी १९ मा १० वटाले यही सालमै काम पूरा गर्ने कुरा भएको छ । सहकारीको ऋण र बचतको कुरालाई व्यवस्थित गर्न जरुरी छ । एकातिर सञ्चालकहरुको नियतमै खोट देखिएको छ भने अर्कोतिर ऋण लगेकालाई ऋण तिर्न पर्दैन भन्ने हल्ला फैलाइएको छ । त्यो गलत हो, लगेको ऋण सबैले समयमै तिर्नुपर्छ । तिहारअघि छ हजार १६३ ऋणीहरुमध्ये ३३४ ले दामासाहीले र केहीले न्यूनतम् रुपमा ऋण चुक्ता गरेको अवस्था छ । एउटा स्थानीय तहमा कति सहकारी आवश्यक छ त्यो अध्ययन गरेर मात्र त्यस स्थानमा सहकारी खोल्न दिइनेछ र यसका लागि स्थानीय व्यक्ति नै हुनुपर्ने गरी कानुन बनाउँदैछौ । सहकारी पीडितलाई न्याय दिने गरेर मन्त्रालयले काम गरिरहेको छ ।

**अझै मुलुकको करिब २० प्रतिशत जनता गरिबीको रेखामुनी रहेको अवस्थामा ती जनताको जीवनस्तर माथि उठाउन भएका नीतिगत प्रयास के हुँदै छन् त ?**
गरिबी निवारण गर्ने जिम्मेवारी एउटा मन्त्रालयले मात्रै गर्न सक्दैन । गरिबी निवारणमा १४÷१५ वटा मन्त्रालयले काम गरिरहेका छन् । हाम्रो मन्त्रालयले अन्य मन्त्रालयबीच समन्वय बढाएर काम गरिरहेको छ । मैले मन्त्रालयको जिम्मेवारी सम्हालेपछि तीनवटा बैठक राखेर छलफल चलाएको छु । हाम्रो मन्त्रालयले गरिब पहिचान गर्ने काम गर्ने र त्यसको आधारमा परिचयपत्र दिन्छ । कुन जिल्लामा कति गरिब छन् भनेर पहिचान गर्ने काम भइरहेको छ । साथै, कसरी राष्ट्रको आर्थिक उन्नति हुनसक्छ भन्नेतर्फ पनि हामीले योजना बनाउँदैछौँ । एकातिर सरकारले सीमित स्रोत साधनमा रहेर काम त गर्दैछ भने अर्कोतिर भूकम्प, कोभिड, विभिन्न प्राकृतिक विपत्तिजस्ता चुनौतीहरुले गरिबीको अवस्था झन बढाएको छ ।

**अन्त्यमा, केही भन्न चाहनुहुन्छ कि ?**
यो मन्त्रालय प्रत्यक्ष जनतासँग जोडिएको मन्त्रालय हो । यो मन्त्रालयको जिम्मेवारीअनुसार बजेट नै कम हुन्छ । सरकारले कर्मचारीलाई दिने बजेट मात्रै दिन्छ । प्राथमिकता र आवश्यकताका आधारमा बजेट दिनुपर्छ । स्रोत, साधन र बजेट व्यवस्थापन भएमा पक्कै पनि प्रभावकारी रुपमा काम गर्न सकिन्छ । यसमा सबैको सहयोग जरुरी पर्दछ ।

# बहुदरमाईका कर्मचारी र जनप्रतिनिधिले पाएनन् तलबभत्ता

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्लाको बहुदरमाई नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबीचको वैमनस्यताका कारण कर्मचारी तथा जनप्रतिनिधिले साउन महिनादेखि तलबभत्ता सुविधाबाट वञ्चित भएका छन् । चालु आर्थिक वर्षको खाता सञ्चालन नहुँदा नगरपालिकाको विकास निर्माणदेखि सुत्केरीभत्ता, दीर्घरोगीले पाउने सुविधा र विद्यार्थीले पाउने छात्रवृत्तिदेखि दैनिक खाजा खर्चसम्म सबै रोकिएको छ । स्थानीय तहले असार १० गतेभित्रै पालिकाको नगरसभाबाट आगामी आवको नीति कार्यक्रम तथा बजेट ल्याउनुपर्ने व्यवस्था भए पनि सो नगरपालिकाले सो मितिमा नगरसभा गर्न सकेन । नगरपालिकाभित्रको विवादको कारणले ढिलोगरी गत कात्तिक ८ गते नगरसभाबाट पालिकाको नीति तथा कार्यक्रम र बजेट ल्याएको थियो । बहुदरमाई नगरपालिकाका प्रमुख सिंहासन साह तेलीले नगरसभाबाट बजेट स्वीकृत भएको झण्डै एक महिना बित्न लाग्दा पनि प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अधिकार प्रत्यायोजन नगर्दा जनप्रतिनिधि र कर्मचारी चार महिनादेखि तलबभत्ता तथा अन्य सुविधाबाट वञ्चित भएका हुन् ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ अनुसार नगरसभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । बहुदरमाई नगरपालिका उपप्रमुख सुष्माकुमारी कुशवाहाले नगरसभाबाट बजेट पारित भएको एक महिना बित्न लाग्दा पनि नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारनामा नदिँदा नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीले तलबभत्ता नपाएको बताइन् । 'मैले पटकपटक, प्रमुखसँग समन्वय गरिसके ।

तर, उहाँले प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी नदिँदा अहिले नगरपालिकाको कर्मचारी तलब बेतनदेखि नगरपालिकाको सम्पूर्ण आर्थिक गतिविधि ठप्प छन् ।', उनले भनिन्, 'नगरपालिका तथा सम्पूर्ण वडा कार्यालयमा कार्यरत कर्मचारी, सामुदायिक विद्यालयका शिक्षक कर्मचारी, स्वास्थ्य निकायका कर्मचारीले २०८१ साउनदेखि तलबभत्ता पाएका छैनन् । विद्यार्थीले छात्रवृत्ति, दैनिक खाजा खर्च,सुत्केरी भत्ता सबै रोकिएको छ ।'

पालिकामा रहेका कर्मचारी, जनप्रतिनिधि सामुदायिक विद्यालयका शिक्षक गरी झण्डै एक सयभन्दा धेरै कर्मचारी तथा जनप्रतिनिधिले साउनदेखि कात्तिकसम्मको कुनै पनि तलबभत्ता, दशैँ खर्चलगायत सुविधा पाएका छैनन् । उपप्रमुख कुशवाहाले साउनदेखि नगरभित्रका सम्पूर्ण विकास निर्माण कार्यहरु पनि रोकिएको जानकारी दिइन् ।

कोष तथा लेखा नियन्त्रण कार्यालय पर्साका प्रमुख यज्ञराज उप्रेतीले पर्साको बहुदरमाई गाउँपालिकाको खाता अहिलेसम्म पनि सञ्चालनमा नआएको बताए । 'गत कात्तिकमा नगरसभा भए पनि नगरपालिका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी नदिँदा अहिलेसम्म खाता सञ्चालनमा हुन सकिरहेको छैन', उनले भने, 'चालु आवको साउनदेखि पालिकाको सम्पूर्ण आर्थिक गतिविधि ठप्प छ । आवश्यक समन्वय गरिरहे पनि अहिलेसम्म विवाद समाधान भएको छैन ।' गत कात्तिक ३० गते नगरपालिकाका उपप्रमुख कुशवाहा, वडा नम्बर १ का वडाध्यक्ष प्रमोदप्रसाद यादव, वडा नम्बर २ का वडाध्यक्ष जीतेन्द्र पटेल, वडा नम्बर ३ का दिनेश यादव, वडा नम्बर ४ का सुरेन्द्रप्रसाद यादव, वडा नम्बर ५ का वडाध्यक्ष सुनिल महत्तो कोइरी र वडा नम्बर ९ का वडाध्यक्ष रवीन्द्रप्रसाद गुप्ताले जिल्ला प्रशासन कार्यालय पर्सालाई संयुक्त रुपमा ज्ञापनपत्र बुझाएका थिए ।

बहुदरमाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत महमद शेरे मुस्तफाले नगरप्रमुखले नगरसभाबाट पारित भएको बजेटको अख्तियारी नदिँदा कर्मचारी तथा जनप्रतिनिधिले तलबप्राप्त गर्न नसकेको बताए । 'नगरप्रमुख ज्यूले अख्तियारी नदिँदा पालिकाको खाता अझैसम्म पनि सञ्चालन गर्न सकिरहेका छैनौँ', उनले भने । नगरपालिका प्रमुख तेलीले प्रमुख प्रशासकीय अधिकृतको असहयोगका कारण अख्तियारनामा दिन केही ढिलाइ भएको स्वीकारे । 'गत कात्तिक ८ गते नगरसभाबाट बजेट पारित गरेका छौँ । चाडपर्व र अन्य विविध कारणले अख्तियारी दिन केही समय लागेको हो', उनले भने, 'मङ्सिरभित्रै अख्तियारी दिनेछु ।' रासस

# पर्साका सरकारी कार्यालयको पुँजीगत खर्च छ प्रतिशतमा सीमित

**मधेशदृष्टि**
**वीरगंज ।**
सङ्घीय सरकार मातहतका पर्साका सरकारी कार्यालयले चालु आर्थिक वर्षको चार महिनामा छ दशमलव ०८ प्रतिशत पुँजीगत खर्च गरेका छन् । कोष तथा लेखा नियन्त्रण कार्यालयका अनुसार पर्सास्थित ६६ सरकारी कार्यालय तथा पालिकाका लागि पुँजीगततर्फ वार्षिक दुई अर्ब ५८ करोड २७ लाख ८६ हजार सात सय ५० रुपैयाँ विनियोजन भएकामा चालु आवको कात्तिक मसान्तसम्ममा १५ करोड ६९ लाख ३३ हजार पाँच सय २८ रुपैयाँ खर्च भएको छ । कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख यज्ञराज उप्रेतीले सङ्घीय सरकार मातहतका सरकारी कार्यालयले चालु आवको चार महिनामा पुँजीगत खर्च नगन्य मात्रामा गरेका बताए । 'चालु आवको कात्तिक मसान्तसम्मको अवधिमा नयाँ बोलपत्र 'डकुमेन्ट' बनाउनेदेखि बोलपत्र आह्वानसम्मका काम हुने भएकाले पुँजीगत खर्च बढ्न नसकेको हो', उनले भने, 'अब चाडबाड र वर्षायाम पनि सकिएकाले सरकारी कार्यालयको पुँजीगत खर्च बढ्ने अपेक्षा गरेका छौँ ।' पर्साका सरकारी कार्यालयको वार्षिक चालु खर्चतर्फ दश अर्ब ४६ करोड १४ लाख ७५ हजार चार सय ९९ रुपैयाँ विनियोजन गरिएको छ । चालु आवको चार महिनामा कूल विनियोजित रकमको २८ दशमलव २५ प्रतिशतअर्थात् दुई अर्ब ९५ करोड ५५ लाख ८० हजार दुई सय ३८ रकम खर्च भएको छ । पर्साका सरकारी कार्यालयले सोही अवधिमा ६५ अर्ब ७३ करोड २९ लाख २५ हजार एक सय १६ रुपैयाँ राजस्व सङ्कलन गरेका छन् । रासस

# विषयगत शिक्षकको माग गर्दै विद्यार्थीको प्रदर्शन

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको कालिकामाई गाँउपालिका वडा नम्बर १ मुड्लीस्थित जनता माध्यमिक विद्यालयका विद्यार्थीहरु आन्दोलनमा उत्रिएका छन् । विषयगत शिक्षक नहुदाँ पठनपाठन नै प्रभावित भएको भन्दै विद्यार्थीहरुले बिहीबार विद्यालयमा तालान्दी गर्दै आन्दोलन शुरु गरेका हुन् । बिहीबार बिहान नाराबाजीसहितको प्रदर्शन गर्दै विद्यार्थीहरुले विद्यालयको मूल प्रवेशद्वारमा तालाबन्दी गरेका हुन् ।

विद्यालयको कक्षा ९, १०, ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुले विद्यालयमा तालाबन्दी गरेका हुन् । उनीहरुका अनुसार, नयाँ शैक्षिक सत्र शुरु भएको ७ महिना बितिसक्दा पनि विद्यालयमा विज्ञान, सामाजिक, अर्थशास्त्र र अंग्रेजी विषयको विषयगत शिक्षक छैनन् ।

जसका कारण पठनपाठन नै प्रभावित भएको उनीहरुको गुनासो छ । विषयगत शिक्षकको व्यवस्था गर्न विद्यालय प्रशासनलाई पटक पटक ध्यानाकर्षण गराउँदासमेत कुनै चासो नलिएपछि बाध्य भएर आँफुहरु आन्दोलनमा उत्रिनु परेको कक्षा–१० का छात्र अमित गुप्ताले बताए । यता विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लालबाबु चौरसियाले पनि विद्यालयमा विषयगत शिक्षकको अभाव रहेको स्वीकार गरे ।

उनले आन्दोलनरत विद्यार्थीहरुसँग संवाद गरेर समस्या समाधान गरिने दाबी गरे ।

# नुन्थर घाटमा १ लाख माछाको भूरा छोडियो

**मधेशदृष्टि**
**रौतहट ।**
नेपाल मत्स्य व्यवसायी संघ रौतहटले विश्व मत्स्य दिवसको अवसरमा नुनथरस्थित बागमती नदीमा एक लाख माछाको भुरा छोडेको छ । बागमती नदीमा माछा लोप हुँदै जान थालेपछि विश्व मत्स्य दिवसको अवसर पारेर बिहीबार माछा उत्पादक तथा व्यवसायीहरुले एक लाख माछाका भुरा छाडेका हुन । कार्यक्रममा नेपाल मत्स्य व्यवसायी संघ रौतहटका अध्यक्ष दिलिप सहनीले रौतहटमा पछिल्लो समय माछा पालन किसानहरुको संख्या बढिरहेको जानकारी दिए ।



जिल्लामा १ सय हेक्टर भन्दा बढी जमिनमा माछापालन भइरहेको उनले जानकारी दिए ।

अध्यक्ष सहनीले करोडौंको संख्यामा ह्याचरी मार्फत माछाको भुरा उत्पादन गर्दै आएका छन् । रौतहटमा भारत, मलेसिया लगायतका देशहरुबाट माछा आउने गरेको कारण यहाका माछा उत्पादकहरु मार्कामा परेको मत्स्य व्यवसायी भुपेन्द्र खडकाले गुनासो गरेका छन् । माछा बाहिरबाट आउन थालेपछि यहाका किसान सस्तो दरमा माछा बिक्री गर्न बाध्य रहेको उनले बताए । माछा उत्पादनमा आर्कषण बढेको भएतापनि बजारीकरणमा समस्या रहेको खडकाले जानकारी दिए । यसैगरी अर्का माछा व्यवसायी राकेश कुमार साहले राज्यले माछा पालनको लागी सुबिधा प्रदान गरेको भएतापनि नेपाल विद्युत प्राधिकरणले पोखरीमा पानी लगाउनको लागि राखिने विद्युत महसुल उद्योगको रुपमा लिएको गुनासो गरे । माछा उत्पादनकर्ता किसान भएको बताउँदै साहले माछा उत्पादनकर्ताहरुलाई पनि किसानलाइ दिइने सुबिधा अनुसार नै विद्युतको सुबिधा पाउनु पर्ने धारणा राखेका थिए ।

कार्यक्रममा नेपाल मत्स्य व्यवसायी संघका संस्थापक अध्यक्ष तुलसी गिरीले पछिल्लो समय माछा उपभोग गर्नेहरुको संख्या बढेकै कारण यहाका किसानहरु माछा उत्पादनमा आर्कषण भएको बताएका थिए ।

# पोखरिया अस्पताललाई ५० शय्या बनाउने निर्णय

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पोखरिया नगरपालिकामा रहेको १५ शय्याको पोखरिया जिल्ला अस्पताललाई ५० शय्यामा स्तरोन्नति गर्दै प्रादेशिक अस्पताल बनाउने गर्ने निर्णय गरिएको छ । बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले अस्पतालको स्तरोन्नति गर्ने निर्णय गरेको हो ।

वर्षौँदेखिको प्रयास र जनताको माग सार्थक हुँदै गएपछि स्थानीय खुसी भएका छन् । स्तरोन्नतिको निर्णयले पोखरिया अस्पतालले पोखरियाका लागि मात्र नभएर, मधेश प्रदेशकै स्वास्थ्य सेवामा नयाँ आयाम थप्दै प्रादेशिक अस्पतालको रूपमा अझ विस्तारित सेवा दिन सक्षम हुनेछ भन्ने स्थानीयको विश्वास छ ।

# 'नेपाल–भारत सम्बन्धमा खेलकुदको भूमिका महत्वपूर्ण'

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
नेपाल र भारतबीचको सुमधुर सम्बन्ध निर्माणमा खेलकुदको महत्वपूर्ण भूमिका छ । दुवै देशका खेलाडीले एकअर्काको देशमा खेलकुद प्रदर्शन गरेर आपसी सद्भावको उदाहरण प्रस्तुत गरेका छन् । नेपाल र भारतको सिमानामा रहेको रामनिरञ्जन विद्यालयको प्रांगणमा बिहीबार आयोजना भएको टी–२० प्रिमियर लिग प्रतियोगिताको उद्घाटन समारोहमा वक्ताहरुले खेलकुदले शारीरिक क्षमता अभिवृद्धि गर्ने बताए । मानसिक तनाव कम गर्न खेलकुदले महत्वपूर्ण भूमिका खेल्छ ।

राजेशकुमार साह (मुखिया)को अध्यक्षतामा शुरू भएको उक्त कार्यक्रममा उद्घाटनअघि दुवै देशका राष्ट्रिय गान बजाएर औपचारिक रुपमा उद्घाटन गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि मधुबनीका डीएम अरविन्द कुमार वर्मा रहेका थिए । मधेश प्रदेश सरकारका पूर्वमन्त्री तथा संसदीय दलका नेता भरत साह, पूर्व मन्त्री तथा विधायक समीर कुमार महासेठ, जनता समाजवादी पार्टी नेपालकी नेता सुनीता साह क्रान्ति, बिहार विधान पार्षद घनश्याम ठाकुर, बिहारको जनसुराज पार्टीका नेता पूर्व प्रमुख रत्नेश ठाकुर, महोत्तरीका प्रजिअ लालबाबु कबाड़ी, मधवापुरका बलराम मिश्रा, भाजपा नेता अजय भगत, प्रभु मिश्रा, राकेश नायकलगायत व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

# ६ लाख रुपैयाँसहित एकजना पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको सदरमुकाम गौर स्थित राईसल मिलको बाटोमा प्रहरी गस्ती टोलीले चेकजाँचको क्रममा स्रोत नखुलेको ६ लाख रुपैयाँ सहित १ जना पैदल यात्रीलाई पक्राउ गरेको छ । चेकजाँचको क्रममा बुधवार साँझ गौर नगरपालिका १ का बर्ष ५४ को बिरेन्द्र कुमार जैसवालले लुकाई छिपाई राखेको ५ सय दरको नेपाली नोट २०० थान र १ हजार दरको नेपाली नोट ५ सय थान गरी कुल ६ लाख नेपाली रुपैयाँ, १ थान मोबाईल सहित पक्राउ गरिएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी दीपक कुमार रायले बताएका छन् । बरामद रकमको श्रोत खुलाउन नसकेकोले रकम सहित पक्राउ परेका जैसवाललाई रौतहट जिल्ला अदालतबाट म्याद थप लिई थप अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालयको सूचनामा उल्लेख गरिएको छ ।







मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन